वर्ष १ अंक १ फागुन २०८१

# गोदावरी नगरपालिकामा भएका
# असल अभ्यासहरु



प्रकाशकः
गोदावरी नगरपालिका
बज्रवाराही, ललितपुर

**वर्ष १, अंक १, फाल्गुण २०८१**

**संरक्षकः**

गजेन्द्र महर्जन

मुना अधिकारी

**सम्पादकः**

एम.बी. खड्का

**प्रकाशन समूहः**

सुनिता महर्जन

सुरवीर देशार

सुवास खनाल

**लेखन तथा सामग्री संकलनः**

सन्त बहादुर देशार

सुनिता महर्जन

दामोदर गौतम

जुनु घिमिरे

अनन्त महर्जन

ईश्वर प्रसाद घिमिरे

सुवास खनाल

ई.मुकुन्द अगस्ती

ई.अर्जुन उपाध्याय

देव प्रसाद श्रेष्ठ

ई.राजिव देशार

शशी पन्थी

सुरेन्द्र महर्जन

सबिता अर्याल

# नगर प्रमुखको शुभकामना सन्देश



“गोदावरी नगरपालिकाका असकल अभ्यासहरु” प्रकाशनको यस अवसरमा सम्पूर्ण नगरवासी, कर्मचारी, बुद्धिजीवी, समाजसेवी, उद्यमी, विद्यार्थी तथा सम्पूर्ण शुभेच्छुक महानुभावहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।
हाम्रो नगरपालिकाको मुल ध्येय “कृषि, पूर्वाधार, पर्यटकीय नगरी,स्वच्छ, समावेशी, समृद्ध गोदावरी” लाई सार्थकताको लागि व्यवस्थित, आधुनिक तथा समृद्ध, गोदावरी बनाउन हामीले गरेका प्रयासहरू तथा आगामी प्रस्तुत गर्न यस “गोदावरी नगरपालिकाका असकल अभ्यासहरु” ले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु। स्थानीय विकास, शिक्षा, स्वास्थ्य, पूर्वाधार, पर्यटन, वातावरण संरक्षण तथा अन्य सेवाहरूमा नगरपालिकाले प्रदान गरिरहेका सेवाहरूलाई पारदर्शी ढङ्गले आम नागरिकसमक्ष प्रस्तुत गर्न यो बुलेटिन उपयोगी माध्यम बन्नेछ।
नगरवासीहरूको सक्रिय सहभागिता र सहकार्यले मात्र हाम्रो नगरलाई स्वच्छ, हरियाली, व्यवस्थित र समृद्ध बनाउन सकिन्छ त्यसैले हामी सबैले आफ्नो जिम्मेवारीलाई इमानदारीपूर्वक निर्वाह गर्दै समुन्नत भविष्यको मार्ग प्रशस्त गर्न योगदान दिऔं।
गोदावरी नगरपालिकाको प्रमुखको हैसियतले नगरवासीहरूको असीमित चाहनालाई सार्थक तुल्याउन हरदम प्रयासरत रहेको छु। भौगोलिक कठिनाइ तथा सीमित बजेटका कारण पूर्वाधार लगायतका क्षेत्रमा गरेको प्रगति सोचअनुरुप हुन नसकेको अनुभुति भएकोछ तथापि समृद्ध गोदावरी निर्माणको यात्रामा हाम्रो यात्रा निरन्तर रहनेछ र प्रभावकारी प्रयासहरू जारी रहेका छन्।
यस बुलेटिनको सफल प्रकाशनका लागि योगदान दिने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद व्यक्त गर्दै नगरको उज्ज्वल भविष्यको कामनासहित गोदावरी नगरपालिकाको विकास यात्रामा सबैको साथ, सहयोग र सद्भाव निरन्तर रहने विश्वास व्यक्त गर्दछु।
धन्यवाद!

(गजेन्द्र महर्जन)
नगर प्रमुख

## नगर उपप्रमुखको शुभकामना सन्देश



प्रिय गोदावरीवासी दाजुभाइ तथा दिदीबहिनीहरू,

गोदावरी नगरपालिकाको नवौं वार्षिकोत्सवको अवसरमा सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, कर्मचारी, शुभेच्छुक तथा नगरको समृद्धिमा योगदान गर्ने सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

नगरको विकासलाई दिगो, समावेशी र योजनाबद्ध रूपमा अगाडि बढाउन हामी निरन्तर प्रतिबद्ध छौं।

नगरपालिकाले सञ्चालन गरेका विभिन्न पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा रोजगार प्रवर्द्धनसँग सम्बन्धित योजनाहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न हामी नियमित रूपमा अनुगमन तथा निरीक्षण गर्दै आएका छौं। नगरको समग्र समृद्धिका लागि योजना व्यवस्थापन, कार्यान्वयन तथा लागत प्रभावशीलता जस्ता विषयमा विशेष ध्यान दिइरहेका छौं। नगर विकासको विविध क्षेत्रहरू सामाजिक सशक्तिकरण, योजना, न्यायिक समिति बजेट तथा कार्यक्रम निर्माण लगायत कार्यमा प्रत्यक्ष संलग्न भई नगरविकासका लागि र नगरमा पारदर्शिता र सुशासन कायम गर्न निरन्तर कार्यरत रहेका छौं।

यस अवसरमा, गोदावरी नगरपालिकालाई आधुनिक, व्यवस्थित र समृद्ध नगरका रूपमा विकास गर्न सबै नगरवासीहरूको सक्रिय सहभागिता र सहकार्य आवश्यक रहेको स्मरण गराउँदै, आगामी दिनहरूमा समेत हामीलाई निरन्तर सहयोग र सुझाव प्रदान गरिदिनु हुने छ भन्ने आशा र अपेक्षा राखेको छु।

हामी सबैको साझा प्रयासले गोदावरी नगरपालिकालाई एक नमुना नगरका रूपमा स्थापित गर्न सफल बनोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

(मुना अधिकारी)
नगर उपप्रमुख

## सम्पादकीय



सार्वजनिक निकायले सम्पादन गरेका काम कारवाहीहरु आम नागरिक र सरोकारवालाहरुले थाहा पाउने गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था सूचनाको हक सम्बन्धी ऐन लगायत अन्य प्रचलित कानूनमा रहेको छ। नेपालको संविधान जारी भएसँगै कार्यान्वयनमा आएको सङ्घीय शासन प्रणाली र सङ्घीयतका तिनै तहको दुईवटा निर्वाचन सम्पन्न भई जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीको सहकार्यबाट कार्यसम्पादनमा परिपक्कता हासिल हुँदै आएको छ। उक्त पृष्ठ सन्दर्भमा ललितपुर जिल्लाको गोदावरी नगरपालिकाले आफ्नो स्थापना दिवसको अवसर पारेर "**गोदावरी नगरपालिकामा असल अभ्यासहरु**" नामक बुलेटिन प्रकाशन गरेको छ।


सालवसाली रुपमा नगरसभाबाट जारी हुने आर्थिक ऐन र विनियोजन ऐन मार्फत नगरपालिकाको आय व्यवस्थापन, राजस्व परिचालन र सार्वजनिक खर्चको व्यवस्थापनमा मितव्ययीता, पारदर्शिता कायम राख्न उच्च प्राथमिकता दिई खर्चको प्रभावकारीता अभिवृद्धि गर्ने निरन्तर प्रयास भएका छन्। नगरपालिकाको आवधिक र वार्षिक योजना मार्फत बजेटलाई विभिन्न विषयगत क्षेत्रमा सन्तुलित रुपमा विनियोजन गरी मापन योग्य नतिजा हासिल गर्न प्रयत्न गरेको छ। स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनमा आर्थिक वर्ष २०७८/०७९ को नतिजा सार्वजनिक हुँदा जिल्लाको अब्वल पालिका बन्न सफल भएको छ। खासगरी सार्वजनिक निर्माण व्यवस्थापन गर्दा उपभोक्ता समिति र ठेक्का बन्दोबस्त मार्फत निर्माण खरिद गर्दा, निर्माणपुर्व र निर्माण सम्पन्न पश्चात प्रयोग हुने सामग्री र निर्मित संरचनाको प्रयोगशाला परीक्षणबाट गुणस्तर सुनिश्चित गर्ने अभ्यास रहेको छ। पूर्वाधारतर्फ नगरपालिका कार्यालय भवन लगायत वडा कार्यालय, शिक्षा, स्वास्थ्य, खानेपानी तथा विद्यालय पूर्वाधार निर्माण सम्पन्न गर्दै लगेको छ। सामाजिक विकास तर्फ आफ्नै श्रोतबाट स्वयमसेवक चिकित्सक र स्वयमसेवक शिक्षक व्यवस्था गरी नगरबासीका अत्यावश्यक सार्वजनिक सेवामा प्रभावकारिता थपेको छ भने आर्थिक विकास तर्फ कृषि र पशुपालन तर्फ आधुनिकीकरण गर्दै व्यावसायिक उत्पादन केन्द्रित प्रयास गरिरहेको छ।

यद्यपि विपद जोखिमका दृष्टिले असुरक्षित नदी प्रणाली, बाढी पहिरो संवेदनशिल भौगोलिक संरचना तथा संस्थागत क्षमताको न्यूनताले यो नगरपालिका संवेदनशिल छ। विपदजन्य घटनाबाट भइरहेको जनधनको क्षती न्यूनिकरण गर्न अझै धेरै प्रयाश गर्नुपर्ने नै छ। संस्थागत विकास, सुशासन प्रवर्द्धन र सेवाप्रवाह सुद्दिढीकरण गर्न जनप्रतिनिधि-राष्ट्रसेवक सहकार्य र क्षमता विकासमा लगानी गर्नु छ। सेवाप्रवाहलाई प्रविधिमैत्री बनाउँदै **“आजको काम आजै”** नारा बोकेर अघि बढेको नगरपालिकाले हाससम्मका असल अभ्यास र अवको बाटो तयगर्ने यात्रा समेटेर प्रकाशन गरेको यो बुलेटिन आगामी अंकहरुमा अझै खँदिलो र पढ्नीय हुदै जाने अपेक्षा गर्दछु।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत
सम्पादक

# परिच्छेद - एक

## पृष्ठभूमि




तस्बिरः गोदावरी नगरपालिकाको नक्सा, ललितपुर

नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७३ साल फागुन २७ गतेको निर्णयअनुसार साविक बज्रबाराही नगरपालिका, गोदावरी नगरपालिका, देवीचौर गाँउ विकास समिति एवम् कार्यविनायक नगरपालिकाको डुकुछाप र छम्पी जोडेर गोदावरी नगरपालिका स्थापना भएको हो । यस नगरपालिका ८५°२४'५७" पूर्वी देशान्तर र २७°३८'५" उत्तरी आक्षांशसम्म फैलिएको छ ।समुन्द्र सतहबाट ४५७ मिटरदेखि २८३१ मिटरसम्मको उचाइमा रहेको यस नगरपालिकामा समशीतोष्ण हावापानी पाइन्छ । यस नगरपालिकाको क्षेत्रफल ९६.११ वर्ग किलोमिटर रहेको छ। चौध वडामा विभाजित यस नगरपालिकाको क्षेत्रफलको आधारमा वडा नं. ३ सबैभन्दा ठुलो वडा (१६.४८ वर्ग किलोमिटर) हो भने वडा नं. १४ सानो वडा (२.३४ वर्ग किलोमिटर) हो।

यस नगरपालिकाको पूर्वमा काभ्रेपलान्चोक जिल्ला, पश्चिममा काठमाण्डौ जिल्ला, दक्षिणमा ललितपुर जिल्लाको कोन्ज्योसोम र बागमती गाउँपालिका तथा उत्तरमा ललितपुर जिल्लाको ललितपुर महानगरपालिका र महालक्ष्मी नगरपालिका रहेका छन् । यस नगरपालिकामा महिला ४९,४९३ जना र पुरुष ४८,१४० जना गरी ९७,६३३ जनसङ्ख्या रहेको छ ।(*राष्ट्रिय जनगणना २०७८)* । जनसङ्ख्याको दृष्टिले हेर्दा यस नगरपालिकामा नेवार, तामाङ्ग, ब्राम्हण, क्षेत्री, दलित, लोपोन्मुख सीमान्तकृत समुदायहरूको समेतको बसोबास रहेको छ । नगरपालिकाको कुल भूभागमध्ये १५०४.५ हेक्टर जग्गा खेतीयोग्य रहेको छ *(राष्ट्रिय कृषि गणना २०७८)* भौगोलिक बनावट, हावापानी, जातजाति, रहनसहन, भेषभूषा आदिको विविधताले यो नगरपालिका विशिष्ट छ। धार्मिक, पौराणिक, प्राकृतिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिले पनि विशेष महत्व राख्ने यस नगरपालिकाको सम्पदालाई पर्यटकीय गन्तव्यको रुपमा विकसित गराउन सके उच्चतम् प्रतिफलको सम्भावना रहेको छ । गोदावरी नगरपालिकाका दुईवटा १२ वर्षे मेला (गोदावरी कुण्डको १२ वर्षे मेला

र ठेचोको १२ बर्षे मेला), विशङ्खुनारायण मन्दिरमा लाग्ने एकादशी मेला देशभर चर्चित छन्। नगरपालिका क्षेत्रभित्र रहेका गोदावरी कुण्ड, गोदावरी नौधारा, विशङ्खुनारायण, लेलेको सरस्वती कुण्ड, तिलेश्वरधाम, टिकाभैरव, झरुवारासीको सन्तानेश्वर महादेव, चापागाउँको बज्रबाराही मन्दिर, श्वेत बाराही, गोदावरी फूल्चोकी, लेले मनकामना, नवदुर्गा, बालकुमारी, लेलेको जयलकुमारी तथा बालकुमारी, छम्पी देवी मन्दिर, ठेचोको ब्रम्हायणी मन्दिर र मुक्तिनाथ मन्दिर लगायतका सम्पदाहरूले धार्मिक एवम् संस्कृतिक परम्परा र पहिचानलाई उजागर गरेका छन्। नगरपालिकाभित्र विविधतापूर्ण जातजाति तथा भाषाभाषीका मानिसहरुको बसोबास रहेकाले यो नगरपालिका सास्कृतिक रुपमा विविधतायुक्त नगरपालिका हो । जातजातिअनुसार रीतिरिवाज, भाषा, चालचलन, मूल्य र मान्यता भिन्न रहेपनि एकअर्काको धर्म तथा संस्कृतिलाई सम्मान गर्ने धार्मिक, सांस्कृतिक सहिष्णुता कायम रहेको छ।

# परिच्छेद - दुई

# सामाजिक विकास

सामाजिक विकास क्षेत्रभित्र शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, थारु, अल्पसङ्ख्यक आदि) पर्दछन् । सामाजिक विकासको क्षेत्रमा नगरपालिकाले गरेका असल अभ्यासहरूलाई यहाँ प्रस्तुत गरिएको छ !

## २.१ सामाजिक विकास

### क) विपद्मा सँगसँगै

मिति २०८१ साल असोज १०, ११ र १२ गतेको अविरल वर्षापश्चात् गोदावरी नगरपालिकामा बाढी पहिरोमा परी १९ जनाले ज्यान गुमाउनु परेको थियो । धेरै नगरवासीले घरवासविहिन हुनु परेको र झन्डै डेढ अर्ब बराबर भौतिक सम्पतिको क्षति भएको थियो । विपद्को समयमा तत्काल प्रतिकार्य गर्न आवश्यक



वडा नं. ६ राहत वितरण

रहेकोले नगर विपद् व्यवस्थापन समितिको बैठक नगर प्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा बसी यस नगरपालिकालाई आफ्नो कार्यक्षेत्र बनाई सञ्चालनमा रहेका गैरसरकारी संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा तत्काल बाढी पीडितहरूको लागि कार्ययोजनासहित प्रभावित क्षेत्रमा राहत वितरण र पुनःस्थापना कार्यको सुरुवात भयो ।



वडा नं. १० चारघरेको पहिरो

एनसेल फाउण्डेसन, गुड नेबर्स इन्टरनेशनल, दयाका हालहरू लगायतका २५ वटा गैरसरकारी संस्था, समूह, व्यक्तिहबाट प्राप्त नगद, खाद्य सामग्री, कपडा जस्तापाता शैक्षिक सामग्रीलगायतका अति आवश्यक सामग्रीहरू सहितको राहत वितरण नगर उपप्रमुखज्यूको संयोजकत्वमा गैरसरकारी संस्थाका प्रतिनिधिहरूको रोहबर र सम्बन्धित वडाका जनप्रतिनिधिहरूको उपस्थितिमा मिति २०८१।६।१६ गते देखि सञ्चालन भएको थियो । विपद्को समयमा वितरित राहत कार्यक्रम एकद्वार प्रणालीमा आधारित भएकोले नागरिकस्तरमा प्रशंसनीय बनेको थियो ।



वडा नं. ६ कार्यालयमा गैर सरकारी संस्थाद्वारा राहत वितरण

विपद्मा मात्र नभई गैरसरकारी संघ संस्थाहरूको र नगरपालिकाको समन्वयमा सामाजिक विकास शाखाको भूमिका महत्त्वपूर्ण रहिआएको छ । गैरसरकारी संस्थाहरूको सहयोग र सहकार्यले पनि लामो यात्रा तय गरेको छ ।२०७७ साल देखि यस नगरपालिकाभित्र रहेका ३५ वटा सामुदायिक विद्यालयमा अध्ययरत प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूको लागि न्यानो कपडा शीर्षकअन्तर्गत् ज्याकेट, स्कुल झोला, स्कुल ड्रेस स्टेशनरी सामग्री, कालो छालाको जुत्ता, स्वीटर र टोपी आदि वितरणबाट थालनी भएको कार्यक्रममा २०८१ सालसम्ममा ४००० विद्यार्थी लाभान्वित भएका छन् ।



गैर सरकारी संस्थाद्वारा राहत वितरण



वडा नं. १ वडा कार्यालयमा गैर सरकारी संस्थाद्वारा राहत वितरण



वडा नं. ७ जौबारी जाने बाटो सम्पर्क विहीन अवस्था



वडा नं. ७ कार्यालयमा गैर सरकारी संस्थाद्वारा खानेपानी पाइप वितरण



वडा नं. ६ कार्यालयमा गैर सरकारी संस्थाद्वारा राहत वितरण



वडा नं. ३ कार्यालयमा गैर सरकारी संस्थाद्वारा राहत वितरण



वडा ५ कार्यालयमा गैर सरकारी संस्थाद्वारा राहत वितरण



वडा नं. ६ कार्यालयमा गैर सरकारी संस्थाद्वारा राहत वितरण



वडा नं. ८ कार्यालयमा गैर सरकारी संस्थाद्वारा राहत वितरण




आ.वा.ना क्लबबाट प्राप्त १०,०००।– लिटरको ट्याँकी

## २.२ शिक्षा

### क) योजनाबद्ध शैक्षिक वर्षका लागि क्यालेन्डर र शैक्षिक योजना डायरी

गोदावरी नगरपालिकामा ३५ वटा सामुदायिक विद्यालय, ३ वटा सामुदायमा आधारित बालविकास केन्द्र, ४९ वटा संस्थागत विद्यालयहरू रहेका छन् ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोकेबमोजिमका २३ वटा अधिकारक्षेत्रअन्तर्गत रहेर गोदावरी नगरपालिकाले शिक्षा क्षेत्रको विकास तथा गुणस्तर वृद्धिको क्षेत्रमा विविध नवप्रवर्तनात्मक कार्यहरू गर्दै आएको छ ।गोदावरी नगरपालिकाले गरी आएको असल अभ्यासहरूमध्ये वार्षिक शैक्षिक क्लालेन्डरको प्रकाशन महत्त्वपूर्ण कदमको रुपमा रहेको छ।नगर क्षेत्रका शैक्षिक क्रियाकलाप, बिदा, परीक्षा तथा कार्यक्रमहरूमा एकरुपता कायम गरी शैक्षिक

वर्षलाई योजनाबद्ध तरिकाले सञ्चालन गर्ने र सोको सूचना सबैलाई पूर्ववत् रूपमा नै प्रदान गरी शैक्षिक संस्था र सम्बन्धित विविध पक्षहरूलाईअन्य शैक्षिक तथा शैक्षणिक योजनामा समेत मार्गनिर्देशन गर्ने उद्देश्य राखी शैक्षिक सत्र २०८० देखि नै निरन्तर शैक्षिक क्यालेन्डर प्रकाशन हुँदै आएको छ । सोहीअनुरुप विद्यालयस्तर र नगरस्तरमा शैक्षिक तथा शैक्षणिक क्रियाकलापहरू सञ्चालन र व्यवस्थापन हुने गर्दछन् ।समग्र शैक्षिक वर्षलाई व्यवस्थित तरिकाले सञ्चालन गर्ने शैक्षिक क्यालेन्डर प्रकाशनको लागि भने फाल्गुणमा आवश्यक तयारी, छलफल र सुझाव सङ्कलनका कार्यहरू गरी चैत्र महिनामा प्रकाशन गरिने र नयाँ शैक्षिक सत्रमा विद्यालयहरूमा वितरण कार्य गरिन्छ। विद्यालय तथा शिक्षकलगायतका शैक्षिक क्षेत्रमा क्रियाशील व्यक्ति तथा संघसंस्थाहरूले नगरपालिकाको वार्षिक शैक्षिक क्यालेन्डरअनुरुप शैक्षिक तथा शैक्षणिक योजना तयार गरी कार्यान्वयन गर्ने गरेका छन् भने अभिभावक विद्यार्थीहरूले समेत नगरको वार्षिक




शैक्षिक योजना डायरी




शैक्षिक वार्षिक क्यालेन्डर २०८१

शैक्षिक कार्यक्रमकोबारेमा जानकारी पाउने गर्दछन्।शिक्षकलाई पाठ्यक्रमको परिवर्तित ढाँचाअनुरुप दैनिक कक्षाकोठामा गर्ने क्रियाकलापको योजना बनाउन र विद्यार्थी मूल्याङ्कनलाई पनि पाठ्यक्रमको परीवर्तित ढाँचा अनुरुप सरल तरिकाले व्यवस्थापन गर्न सहयोग गर्ने उद्देश्यले गोदावरी नगरपालिकाले शैक्षिक योजना डायरी तयार गरी वितरण

गरेको छ । सामुदायिक विद्यालयका सबै शिक्षकहरू, प्रधानाध्यापकहरूलाई वितरण गरिएको डायरीले शिक्षक र प्रधानाध्यापकलाई आफ्नो वार्षिक कार्यतालिका निर्माणमा सहजता प्रदान गरेको छ। विद्यालयमा कार्यरत शिक्षकहरूका अनुसार आफ्नो वार्षिक, त्रैमासिक, मासिक र दैनिक योजना बनाउनका साथै विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गर्न सहज भएको छ ।

## ख) शिक्षक अभावको समाधान स्वयमसेवक शिक्षक व्यवस्थापन

सामुदायिक विद्यालयको शिक्षक अभावलाई कम गर्न सामुदायिक विद्यालयहरूमा शिक्षकको सङ्ख्या र विद्यार्थी सङ्ख्यालाई विश्लेषण गरी सोही आधारमा शिक्षक सङ्ख्या न्यून भएका



स्वयमसेवक शिक्षक नियुक्ति

विद्यालयहरूमा २९ जना नगर स्वयम्सेवक शिक्षकको व्यवस्थापन गोदावरी नगरपालिकाले गरेको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि न्यूनतम् योग्यता स्नातक तह उत्तीर्ण कायम गरिएको छनौट प्रक्रियामा गोदावरी नगरकै स्थायी बासिन्दालाई समेत प्राथमिकतामा राखिएकोले स्थानीय स्तरमा रोजगारीको अवसर समेत सिर्जना भएको छ । विद्यालयका प्रधानाध्यापकहरूका अनुसार सामुदायिक विद्यालयमा खटिएका नगर स्वयमसेवक शिक्षकहरूको कार्यसम्पादन उत्कृष्ट रहेको छ भने विद्यालयमा शिक्षक अभावको समस्याको समाधान भएको छ । नगर स्वयमसेवक शिक्षकहरूको कार्यसम्पादनलाई थप परिष्कृत बनाउन तालिमको व्यवस्थापन नगरपालिकाले गर्दै आएको छ ।यसका साथै विद्यार्थीको सर्वाङ्गीण विकासका लागि विभिन्न विधाका शिक्षकहरूको आवश्यकतालाई सम्बोधन गर्दै ११ जना अतिरिक्त विधागत (कराँते, तेक्वान्डो, खेल प्रशिक्षक, नृत्य, बौद्धिक अपाङ्ग सहायक शिक्षक आदि) शिक्षकको व्यवस्थापन नगरपालिकाद्वारा गरिएको छ ।

## ग) शिक्षक तथा विद्यार्थी सम्मान

शैक्षिक गुणस्तर सुधारको महत्त्वपूर्ण पक्षहरू शिक्षक तथा विद्यार्थीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यसहित प्रत्येक वर्ष एसईई तथा एसएलसीको नतिजाका आधारमा नगरमा उत्कृष्ट नतिजा प्राप्त गर्ने सामुदायिक तथा संस्थागत विद्यालयहरूका शिक्षक, विद्यार्थी तथा

विद्यालयहरूलाई शिक्षा दिवसका अवसरमा सम्मान तथा पुरस्कार वितरण गर्ने कार्य गोदावरी नगरपालिकाले गर्दै आएको छ ।



शिक्षा दिवसको अवसरमा पुरस्कृत उत्कृष्ट शिक्षक/ विद्यार्थी

सामुदायिक तथा संस्थागत दुवै विद्यालयहरू सम्मान तथा पुरस्कारमा सहभागी हुँदा विद्यालयहरूबीच राम्रो नतिजा प्राप्त गर्ने र नतिजा सुधार गर्ने वातावरण सिर्जना भएको छ। **"ज्ञान, विज्ञान, सिप उद्यम र मौलिकताः साझेदारी र प्रणालीगत सक्षमता"** भन्ने मूल नाराका साथ मनाइएको शिक्षा दिवस २०८१ का अवसरमा एसईई २०८० को नतिजाका आधारमा सामुदायिक र संस्थागत गरी नगरका ६ वटा विद्यालयहरूलाई सम्मान प्रदान गरिएको थियो । जसमा सामुदायिकतर्फ श्री सरस्वती माध्यमिक विद्यालय, गोदावरी-५ र संस्थागततर्फ ईन्द्रेणी माध्यमिक विद्यालय, गोदावरी-१२ उत्कृष्ट भएका थिए ।कार्यक्रममा पाँच विषयका सामुदायिक र संस्थागत विद्यालयका दश जना शिक्षकले एसईई २०८० नतिजामा विद्यार्थीको विषयगत औसत ग्रेडका आधारमा विषयगत शिक्षक पुरस्कार प्राप्त गरेका थिए भने एसईई २०८० र एसएलसी २०८० को नतिजामा आधारित ७ जना विद्यार्थीले सर्वोकृष्ट विद्यार्थी सम्मान पुरस्कार प्राप्त गरेका थिए। कार्यक्रममा सामुदायिक विद्यालयबाट ३.६ जी.पि.ए. माथि प्राप्त गर्ने विद्यार्थीलाई पुरस्कार कार्यक्रमअन्तर्गत ८ जना विद्यार्थीहरूलाई पुरस्कृत गरिनुका साथै अन्तराष्ट्रिय पदक प्राप्त गर्ने २ व्यक्तिलाई सम्मानसमेत गरिएको थियो ।

## २.३ स्वास्थ्य

### क) गर्भावस्थामा देखिने जटिलताको पहिचान ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम

नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको र महिलालाई सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हकको सुनिश्चितता गरेको छ। नेपालमा मातृ मृत्युदर प्रति १ लाख जीवित जन्ममा १५१ रहेको छ (राष्ट्रिय जनगणना २०७८)।

दिगो विकास लक्ष्यअनुसार नेपालले सन् २०३० सम्ममा मातृ मृत्यु अनुपात प्रति लाख जीवित जन्ममा ७० पुऱ्याउने लक्ष्य लिएको छ। गोदावरी नगरपालिकाले नगरवासीको स्वास्थ्यलाई ध्यानमा राखी स्वास्थ्य क्षेत्रलाई प्राथमिकताका साथ अगाडि बढाएको छ। गर्भावस्थामा हुने जटिलताहरूसँगै सुत्केरी हुँदा र पछि हुनसक्ने स्वास्थ्य जटिलताका कारण अहिले ज्यान गुमाउनुपर्ने अवस्था कम गराउन आमाको स्वास्थ्य स्थिति सुधार गर्न गोदावरी नगरपालिकाले निःशुल्क गर्भजाँच, अल्ट्रासाउण्ड वा भिडियो एक्सरे अभियान सञ्चालन गरेको छ ।



ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम

नगरपालिकाले पोर्टेबल यू.एस.जी मेसिन तथा आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी हरेक महिना एकपल्ट ग्रामिण अल्ट्रासाउण्ड सेवा दिने व्यवस्था मिलाउनुका साथै महिला स्वास्थ्य स्वयंसेविकामार्फत कार्यक्रममा गर्भवती आमाहरूलाई सूचित गरेको छ । हालसम्म यस कार्यक्रमअन्तर्गत् २१७ जना गर्भवती महिलालाई सेवा प्रदान गरेको छ ।आधारभूत ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमको महत्वलाई विशेष ध्यान दिँदै ग्रामीण अल्ट्रासाउण्ड सेवा सञ्चालन कार्यविधि, २०८१ कार्यपालिकाबाट स्वीकृत गरी लागू गरिएको छ ।

## ख) पाठेघरको मुखको क्यान्सर रोक्ने बाटो एच.पि.भी.खोप अभियान

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट पाठेघरको मुखको क्यान्सर बिरुद्धको एच.पि.भी. (Human Papillomavirus) खोप देशैभरी एकैसाथ अभियानको रूपमा सञ्चालन गरिएको थियो। मन्त्रालय र स्वास्थ्य सेवा विभाग अन्तर्गत् रहेका सम्पूर्ण खोप कार्यक्रम सञ्चालन भएका सूचीकृत स्वास्थ्य संस्थाहरूबाट कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन/अध्यापन हुने विद्यालयलाई खोपकेन्द्रको रूपमा स्थापना गरी गोदावरी नगरपालिकाले नगर क्षेत्रका सम्पूर्ण विद्यालयमा खोपकेन्द्रको स्थापना गरी निःशुल्क रुपमा राष्ट्रिय खोप अभियान सफलतापूर्वक सम्पन्न गरी ८२



एच.पि.भी.खोप अभियान



एच.पि.भी.खोप अभियान

प्रतिशत किशोरीहरुलाई खोपसेवा प्रदान गरेको छ ।रोग लाग्नु भन्दा रोगको बाटो छेक्नु नै बेस भन्ने उक्तिलाई अनुसरण गर्दै पाठेघरको मुखको क्यान्सर बिरुद्ध खोप अभियान नगरपालिकाको कार्यालय तथा जनप्रतिनिधिहरूबाट प्राथमिकताका साथ कार्यान्वयन गरिएको थियो।

## ग) क्षयरोग निर्मूलको लागि नगरपलिकाको प्रयासः एआईयुक्त एक्सरे मेसिनको प्रयोग



क्षयरोग परीक्षण

क्षयरोग आँखाले देख्न नसकिने किटाणु micro bacterium tuberculosis बाट हुने गर्छ। क्षयरोग विश्वमा जनस्वास्थको प्रमुख समस्याको रुपमा रहँदै आएको छ। यो उच्च मृत्युदर भएका १० रोगमध्ये एक हो। नेपालमा विगत लामझ समयदेखि जनस्वास्थ्य समस्याको रुपमा क्षयरोगबाट सङ्क्रकित हुनेको संख्या उल्लेख्य छ। गरिबी, पोषणयुक्त खानाको अभाव, चेतनाको कमी र रोग लुकाउने बानी जस्ता कारणले क्षयरोग पूर्णरूपमा निर्मूल पार्न चुनौती देखिएको छ। औषधी प्रतिरोधी क्षयरोगको बढ्दो प्रकोप, निजी स्वास्थ्य संस्थामा हुने क्षयरोगको निदान तथा उपचार मूलधारमा आउन नसक्नु, क्षयरोगका बिरामीमा एच.आई.भी.को सङ्क्रमण, मधुमेहका बिरामीमा क्षयरोगको जोखिम समेत चुनौतीको रुपमा छन्।

नेपालमा विगत लामो समयदेखि जनस्वास्थ्य समस्याको रुपमा क्षयरोगबाट यी चुनौतीलाई मध्यनजर गर्दै नेपाल सरकारले विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेअनुसार डट्स विधि, सरकारी निजी  सहकार्य,चेतना अभिवृद्धि कार्यक्रम, क्षयरोग बिरामीको सक्रिय खोजी, औषधी प्रतिरोधी क्षयरोग निदान तथा उपचार सेवा विस्तार, समुदायमा आधारित क्षयरोग व्यवस्थापनको अवधारणा कार्यान्वयनमा ल्याइएको छ।

राष्ट्रिय क्षयरोग रणनीति योजनाको कार्यान्वयन गरी नेपालले सन् २०३५ सम्ममा क्षयरोगको महामारी अन्त्य गर्ने, सन् २०५० सम्ममा क्षयरोग निवारण गर्ने र क्षयरोग निदान उपचारमा लाग्ने अधिक आर्थिक व्ययभारलाई शून्यमा झार्ने विशेष लक्ष्यलाई भेट्न आधारभूत स्वास्थ्य सेवा जनताको घरदैलोमा पुऱ्याउन, सहज सुलभ रूपमा स्वास्थ्य सेवा प्रदान गर्न र शङ्कास्पद रोगीको पहिचान गरी उपचारको दायरामा ल्याउन गोदावरी

नगरपलिकाले नगरपलिकाले वडा नं. ३, ७ र ४ मा आईयुक्त एक्सरे मेसिनको प्रयोगमा ल्याई विशेषज्ञ चिकित्सकद्वारा छातीको जाँच शिबिर मार्फत २४४ जना नगरवासीहरूमा यो सेवा प्रदान गरेको छ । सामाजिक र आर्थिक विकासका लागि क्षयरोग गम्भीर समस्याको रूपमा रहेको कुरालाई मनन गर्दै नगरपलिकाले सेवाको पँहुच कम भएको जोखिमयुक्त क्षेत्रहरूमा समेत कार्यक्रम बिस्तार गर्ने योजना राखेको छ ।

## घ) पूर्णखोप बालबालिकाको सुनिश्चित भविष्य



घरदैलो खोप कार्यक्रम

राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत नेपालभरी सम्पूर्ण स्थानीय तहसम्म १५ महिनासम्ममा खोपबाट बच्न सकिने १४ वटा सरुवा रोग (क्षयरोग, भ्यागुते रोग, लहरेखोकी, धनुष्टङ्कार, हेपाटाइटिस बी, हेमोफिलस इन्फ्ल्यूएञ्जा बी, पोलियो, दादुरा, रुबेला, निमोनिया, मेनिन्जाईटिस, जापानिज इन्सेफलाइटिस्, रोटा



बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधि वितरण

भाइरसबाट हुने पखाला, टाइफाइड) का विरुद्ध ७ पटकमा ९ प्रकारका तथा गर्भवती महिलाहरुका लागि टीटी खोप (धनुष्टङ्कार र भ्यागुते रोगविरुद्ध) निःशुल्क रूपमा उपलब्ध गराइंदै आइएको छ। खोपबाट बचाउन सकिने रोगहरुको नियन्त्रण, निवारण र उन्मूलनमा तीव्रता दिई खोपको माध्यमबाट रोकथाम गर्न सकिने रोगहरूलाई शून्य अवस्थामा पुर्‍याई त्यस्ता रोगहरूबाट हुने बिरामी, मृत्यु तथा अपाङ्गता घटाउने प्रमुख लक्ष्य हासिल गर्न गोदावरी नगरपालिकाले हरेक वर्ष नियमित खोपसेवा सुदृढीकरण पूर्ण खोप सुनिश्चितताको लागि १६-२३ महिनाको बालबालिकाले खोप पाए नपाएको एकिन गर्न घरधुरी सर्वेक्षण तथा स्वास्थ्यकर्मीबाट अनुगमन गर्ने कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ । बालबालिकाको शारीरिक मानसिक संवेगात्मक विकासको लागि र रोग प्रतिरोधात्मक उपायको साधनको रुपमा सञ्चालन हुदै आएको खोप कार्यक्रमलाई नगरपालिकाले चासोको रूपमा हेरी सफलतापूर्वक सञ्चालन गर्दै सबै बालबालिकाले खोप प्राप्त गर्ने नैसर्गिक अधिकारलाई कार्यान्वयन गर्न हुने कसर बाँकी राखेको छैन । यस नगरपालिकाले

छ/छ महिनामा भिटामिन ए र जुकाको औषधि वितरण गर्दै आइरहेको छ । हरेक बर्ष ५ वर्ष मुनिका बालबालिकाहरुलाई भिटामिन ए तथा जुकाको औषधी आम वितरण अभियान सञ्चालन गरिरहेको छ । आर्थिक वर्ष २०८०/८१ मा शत प्रतिशत अर्थात् कुल ५२२५ जना बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधी वितरण गरिएको छ ।

## २.४ महिला बालबालिका

### क) वस्तुगत टेवा


लक्षित वर्गलाई बाखापालनमा सहयोग

गोदावरी नगरपालिकाभित्र स्थायी रुपमा बसोवास गर्ने आर्थिक अवस्था कमजोर तथा अपाङ्गता भएका २१ जना व्यक्ति तथा परिवारहरूलाई आर्थिक उपार्जनका लागि सक्षम बनाउने उद्देश्यले गोदावरी नगरपालिकाले वस्तुगत टेवा कार्यक्रम सञ्चालन गरेकोछ जसबाट अपाङ्गता भएका व्यक्ति/उनीहरूको परिवारले गरिरहेको पेसा वा व्यवसायमा थप टेवा पुग्ने र जिविकोपार्जनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसै कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामाग्रीहरु ह्विल चेयर र बैसाखी खरिद गरी वितरण गरिएको छ ।नगरपालिकाले वितरण गर्दै आएको अपाङ्गता परिचयपत्र प्राप्त गर्न नगरपालिकासम्म आउन कठिनाइ भएका केही पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई निवासमा गई अपाङ्गता परिचयपत्र वितरण गर्ने कार्यको थालनीसमेत गरिएको छ ।


लक्षित वर्गलाई आई.सि.टी सहयोग

### ख) बालमैत्री स्थानीय शासनयुक्त नगर : गोदावरी शहर

नगरपालिकालाई बालश्रममुक्त/बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त नगर २०८२ चैत्र मसान्तभित्र घोषणा गर्ने तयारी भइरहेको सन्दर्भमा तोकिएका ५१ वटा

सूचकहरू पुरा गर्ने गरी  कार्ययोजनासहित कार्यान्वयन प्रक्रिया गोदावरी नगरपालिकामा सञ्चालनमा रहेको छ ।

बालमैत्री स्थानीय शासनयुक्त वडा एवम् नगर घोषणाको लागि विभिन्न तहमा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्नुका साथै गोदावरी नगरस्तरीय बालभेला एवम् बालमैत्री नीति तथा योजना तर्जुमा गोष्ठी गरिएको छ ।यसै क्रममा बालबालिकाले नै बालश्रम विरुद्धको दिवसमा बाल बहस कार्यक्रम सञ्चालन गर्दछन् ।यस आर्थिक वर्ष २०८१/८२ भित्र तीन वटा वडा (वडा नं. १, वडा नं. १३ र वडा नं. १०) घोषणाको तयारीको चरणमा रहेको छ भने तयारीका कार्यक्रमहरुमध्ये गोदावरी नगरपालिका वडा नं १३ झरुवारासीलाई २०८१ चैत्र मसान्तभित्र बालश्रममुक्त/बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाको तयारी चरणमा सचेतनामुलक सडक नाटक गरिएको छ ।बीस जना कलाकारहरूबाट प्रस्तुत गरिएको सडक नाटकमा बालविवाह गर्न नहुने र भएमा कस्ता कानूनी सजाय व्यहोर्नु पर्ने भन्ने सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो।



सचेतनामुलक सडक नाटक प्रस्तुती

## ग) सुव्यवस्थित बालगृह निर्माणमा नियमित अनुगमन

गोदावरी नगरपालिकाभित्र रहेका बालगृहरूको सञ्चालन तथा व्यवस्थापनलाई चुस्तदुरुस्त राख्ने उद्देश्यले नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदनका आधारमा मात्र नवीकरण सिफारिस गर्ने अभ्यास गोदावरी नगरपालिकाले गरेको छ ।नगर उपप्रमुखको संयोजकत्वमा रहने बालगृह अनुगमन समितिबाट हुने गरेको अनुगमनले मापदण्ड विपरीत सञ्चालनमा रहेका बालगृहहरूलाई कानुनी दायरामा ल्याउन कार्यहरू भइरहेका छन् ।



बालगृह निर्माणमा नियमित अनुगमन

### घ) उद्यमी महिलालाई होस्टेमा हैसे



होमस्टे व्यवसाय सञ्चालन

गोदावरी नगरपालिका वडा नं ७ देवूचौरमा २१ जना महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर तथा सामाजिक रूपमा सशक्त बनाउने उद्देश्यले होमस्टे तालिम सञ्चालन गरिएको थियो। उक्त तालिमपश्चात् तालिमप्राप्त महिलाहरुले होमस्टे व्यवसाय सञ्चालन सुरुवात गरेका छन् । नगरपालिकाले यो कार्यक्रम क्रमशः विस्तार गरिरहेको छ ।

### ङ) स्थानीय लैङ्गिक हिंसा निवारण कोष तथा आपतकालीन बालउद्धार कोष स्थापना

गोदावरी नगरपालिकाले घरेलु हिंसा, लैङ्गिक हिंसालगायतका विभिन्न हिंसाबाट ग्रसित महिलाहरूलाई राहत प्रदान गर्नका लागि स्थानीय लैङ्गिक हिंसा निवारण कोषको स्थापनाका लागि कार्यविधि बनाई कार्यान्वयनको चरणमा रहेको छ ।त्यसैगरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूका लागि समेत आपतकालीन बाल उद्धार कोषको स्थापना गरिएको छ ।

## २.३ पञ्जीकरण

### क) राष्ट्रिय परिचयपत्र र सामाजिक सुरक्षाको नवीकरणमा स्थानीय सरकार



राष्ट्रिय परिचय पत्र वितरण

गोदावरी नगरपालिकाले उपत्यकामा सर्वप्रथम राष्ट्रिय परिचयपत्र दर्ता अनलाइन प्रणाली सुरु गरेको छ। सामाजिक सुरक्षा नवीकरणका लागि राष्ट्रिय परिचयपत्र आवश्यक पर्ने भएकाले नगरपालिकाले यस कार्यलाई प्राथमिकतामा राखी आफ्नै कार्यालयबाट सेवा दिने




कार्यको शुभारम्भ गरेको हो ।जसका लागि नगरपालिकाले अनलाइनबाट राष्ट्रिय परिचयपत्र दर्ता तथा नम्बर जारी गर्ने प्रणाली लागू गरेको छ र सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरूलाई परिचयपत्र बनाउने प्रक्रियामा सहजता प्रदान गरिएको

छ। परिचयपत्र भएका लाभग्राहीहरूको सामाजिक सुरक्षा भत्ता नवीकरण छिटो छरिटो रूपमा सम्पन्न भएको छ। यो पहलले नगरपालिकाका बासिन्दाहरूलाई सरकारी सेवासँग सरल रूपमा जोड्ने, दक्ष प्रशासनिक सेवा प्रवाह गर्ने र डिजिटल युगमा प्रविधिमैत्री पहिचान व्यवस्थापनको उदाहरण प्रस्तुत गरेको छ।

## परिच्छेद - तीन

## आर्थिक विकास

आर्थिक विकास क्षेत्रअन्तरगत कृषि, पशुपालन, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रहरू पर्दछन् । नगरपालिकाले आर्थिक विकास क्षेत्रमा निम्नानुसारका असल अभ्यास गर्दै आएको छ ।

### ३.१ कृषि विकास

नगरपालिकाले कृषि उपज उत्पादन वृद्धि, कृषकहरूको आयआर्जन र दिगो कृषि प्रणालीलाई प्रवर्द्धन गर्न विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै स्थानीयस्तरमा कृषि व्यवसायलाई दिगो, प्रतिस्पर्धी र आयमूलक बनाउन सहयोग गर्दै आएको छ । मुख्यतया आयत प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्नतर्फ नगरपालिकाले निम्नानुसारका असल अभ्यासहरू गर्दै आएको छ ।

#### क) नि:शुल्क माटो परीक्षण सेवा

प्रत्येक वर्ष मल तथा माटो परीक्षण प्रयोगशाला, हेटौंडाँसगँको समन्वयमा माटो परीक्षण गरी नगरपालिकाले नि:शुल्क कृषि चुन वितरण गर्दै आएको छ । यो सुविधा सुचारु भएयता कृषकहरूले माटो परीक्षणकै लागि हेटौंडासम्म धाउनुपर्ने बाध्यताको अन्त्य भएको छ । कृषि चुनको प्रयोगले हालसम्म १,५०० रोपनीभन्दा बढी क्षेत्रफलको खेतबारीको




मल तथा माटो परीक्षण प्रयोगशाला हेटौंडाको समन्वयमा माटो परीक्षण शिविर सञ्चालन

माटोको अम्लीयपनमा सुधार भइ **गाँठे रोग (Club Root)** को प्रकोप कम हुनुका साथै उत्पादकत्वमा वृद्धि भएको छ ।

### ख) साना व्यावसायिक कृषि उत्पादन पकेट केन्द्र स्थापना

वडा नं ५, ६, ७ र ११ मा तरकारी उत्पादन पकेट केन्द्र र वडा नं १० र ११ मा च्याउ उत्पादन पकेट केन्द्र स्थापना भएका छन् । तरकारी पकेट केन्द्रमा आर्थिक वर्ष २०८०/८१ मा ९९ रोपनीमा १३८ मेक्ट्रिक टन तरकारी उत्पादन भएको छ । च्याउ उत्पादन पकेट तर्फ ४५ रोपनी क्षेत्रफलमा ४५ मेक्ट्रिक टन च्याउ उत्पादन भएको छ। दुबै उत्पादन पकेट केन्द्रबाट १२१ जनाको रोजगार सिर्जना भएको छ ।



पकेट केन्द्रमा उत्पादित च्याउ र तरकारी

### ग) कृषिमा यान्त्रिकरण; उत्पादनमा सबलीकरण

उत्पादन, प्रशोधन र बजारीकरणमा सहजता पुऱ्याउने आधुनिक कृषि औजार उपकरणहरूमा कृषकहरूको पहुँच बढाइ उत्पादन लागत कम गर्नका लागि कृषकहरूलाई विभिन्न कृषि उपकरणहरूमा अनुदानको व्यवस्था गरी त्यसको प्रयोगमा प्रोत्साहन गरिँदै आएको छ ।

कृषक र नगरपालिकाको ५०/५० प्रतिशत लागत साझेदारीमा मुख्यतया प्लाष्टिक सिट, मिनिटिलर, मकै पिस्ने तथा छोडाउने मेसिन, धान झार्ने मेसिन, पानी तान्ने पम्प, डिजिटल तराजु, इलेक्ट्रिक स्प्रेयर्स, सिंचाइका लागि थोपा सिंचाइ सेट तथा ट्याङ्की लगातका सामग्रीहरू वितरण गरिएका छन्।



कषि यान्त्रीकरण सामग्री वितरण कार्यक्रम



कृषि यान्त्रिकरण सामाग्री वितरण कार्यक्रमकृषि यान्त्रीकरण सामग्री वितरण

## घ) वातावरणमैत्री तथा दिगो कृषि प्रवर्द्धन



गड्यौली मल

कृषिलाई प्रवर्धन गर्न नगरपालिकाले गड्यौली मल (Vermicompost) उत्पादन गर्ने कृषकहरूलाई प्रोत्साहन गर्दै आएको छ । आ व २०८०।०८१ मा ९ वटा अस्थायी भर्मीसेड निर्माण गरि करिब ९ मेक्ट्रिक टन गड्यौली मल उत्पादन गर्न सुरु गरिएको छ ।विषादीको प्रयोगमा कमी ल्याउन तथा कृषकहरूकै खेतबारीमा बालीनालीको रोग किरा नियन्त्रण गर्ने व्यवहारिक, प्रयोगात्मक र खोजपूर्ण तरिकाहरू अपनाई नियमित रुपले अवलोकन र समूह छलफलको आधारमा कृषक स्वयमलाई समाधान गर्न सक्ने गरी दक्ष बनाउन नियमित रूपमा **एकीकृत शत्रुजीव व्यवस्थापन कृषक पाठशाला (Integrated Pest Management, Farmer’s Field School, IPM FFS)** सञ्चालन गरिदै आएको छ ।



निशुल्क बाली उपचार शिविर

नगरपालिकाले प्रत्येक वर्ष बालीमा रोग र किराको प्रकोप भएका स्थानहरूमा स्थलगत **निःशुल्क बाली उपचार शिविर** (**Plant Clinic**) सञ्चालन गरी प्राविधिक सेवाटेवा दिंइदै आएको छ ।

## ङ) बाली विशेष प्रवर्धन कार्यक्रम

नगरपालिकाले खाद्यान्न वाली, तरकारी, च्याउ, मौरीपालन, पुष्पखेती, फलफूल खेती लगायतका वाली विशेष प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।


आधुनिक मौरीपालन तालिम

**अ) मौरीपालनः** आधुनिक मौरीपालनको प्रयोगात्मक सिप विकास तालिम सञ्चालन गरी सेराना जातका मौरीसहितको घार वितरण गरिएको छ । वितरित मौरीघारले मह उत्पादन र मौरीगोला उत्पादनबाट कृषकको आयस्तरमा वद्धि हुनुका साथै मौरीबाट हुने परागसेचनले बालीको उत्पादकत्व वद्धि गर्न मद्दत गर्दै जैविक विविधता संरक्षणमा समेत ठुलो सहयोग पुऱ्याएको छ । ताालिममा सहभागीमध्ये केही कृषकहरूले व्यवसायिक रूपमा मौरीपालन व्यवसाय सुरु गरी हाल ६५ घारसम्म पाल्दै आएका छन् ।

**आ) अकबरे खुर्सानी खेती प्रवर्धनः** नेपालमा अन्य पिरो खुर्सानीको खेती गरिएता पनि अकबरे खोर्सानीको हरियो र सुकेको राम्रो मूल्यमा बिक्री हुने भएको हुँदा यसको खेतीबाट प्रशस्त आदानी लिन सकिन्छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा उच्च माग रहेको हुँदा वडा नं ७ देवीचौरमा करिब ३५ रोपनी क्षेत्रफलमा अकबरे खुर्सानी खेती बिस्तार गर्ने लक्ष्य राखिएको छ । प्रति रोपनी रू ८५ हजारभन्दा बढी आम्दानी दिन सक्ने अकबरे खुर्सानीबाट वडाका कृषकहरूले प्रतिवर्ष रु ३५ लाख भन्दा बढी आम्दानी लिने गरी कार्यक्रम थालनी गरिएको छ ।



अकवर खोसानी खेती प्रवर्धन तालिम

**इ) च्याउ खेती प्रवर्धनः** व्यवसायिक च्याउ खेतीमा नेपालमै प्रख्यात रहेको वडा नं १० र ११ मा करिब १२०० रोपनीमा च्याउ खेती गर्दै आएका कृषकहरूलाई प्रवर्धन गर्न विभिन्न लागत साझेदारका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।






च्याउ खेती कृषकहरुलाई सामग्री वितरण

**ई) फलफूल खेती प्रवर्धनः** कृषकको दिगो आम्दानीको मुख्य स्रोतलाई पनि सँगै लैजान नगरपालिकाले विगतका वर्षहरूदेखि कागती, जुनार, मुन्लता, एभोकाडो, ड्रागन फ्रुट, किवी, ओखर, हलुवावेद, जस्ता हिउँदे तथा वर्षे प्रजातिका फलफूलका बिरुवाहरू वितरण गरी करिब ४५० रोपनी क्षेत्रफलमा फलफूलको खेती विस्तार भएको छ ।





लागत साझेदारीमा फलफूल विरूवा वितरण

## ३.२ पशु सेवा

### क) सामुदायिक कुकुरको बन्ध्याकरण कार्यक्रम

सन् २०३० सम्म नेपाल सरकारले कुकुरको टोकाइबाट हुने मानिसको मृत्युलाई शुन्य बनाउने लक्ष्यअनुसार यस नगरपालिकाले पनि  नगरभित्र रहेका सामुदायिक कुकुरहरूको सङ्ख्यालाई नियन्त्रण गरी कुकुरको  टोकाइबाट सर्ने रेबिज रोगबाट पशु तथा मानिसलाई सुरक्षित राख्न बिगत ३ वर्ष देखि विभिन्न संघ/संस्थासँगको समन्वयमा २००० भन्दा बढी कुकुरको बन्ध्याकरण गर्दै आएको छ। जसबाट सार्वजनिक स्थानमा सामुदायिक कुकुरहरूको सङ्ख्यामा कमी आइ कुकुरको टोकाइबाट हुने रेबिज रोग लाग्नबाट कमी आएको छ ।




सामुदायिक कुकुरको बन्ध्याकरण

### ख) विभिन्न प्रकारका जटिल रोगहरूको विशेषज्ञ सेवा प्रदान



शल्यक्रिया मार्फत बच्चा निकालिदै

यस नगरपालिकामा पशुपालन व्यवसाय सञ्चालन गरिरहेका कृषकहरूले पालेका पशुहरूमा विभिन्न किसिमका जटिल रोगहरू देखापर्ने गरेका छन् । यस्ता समस्याहरूबाट कृषकहरूको पशुधन क्षति हुनबाट बचाउनका तथा उपचारका लागि नगरपालिकाले पशु स्वास्थ्य प्रविधिक र पशु चिकित्कहरूबाट कृषकहरूलाई स्थलगत रूपमा सेवाटेवा पुऱ्याउँदै आएको छ । जसमध्ये व्याउन नसक्ने अवस्था(डिस्टोकिया)हुंदा चिकित्सकद्वारा शल्यक्रियामार्फत् बच्चा निकाली माउ र बच्चा दुबैको जीवन बचाउन सेवा प्रदान गर्रिंदै आएको छ ।विभिन्न कारणले शारीरिक रूपमा कमजोर भइ उठ्न नसकेका ठूला

पशुहरूलाई गाई उठाउने मेसिन (Cow Lifting machine) द्वारा उठ्न सक्ने बनाउन नगरपालिकाले २ थान आधुनिक मेशिन मार्फत् निःशुल्क सेवा प्रदान गर्दै आएको छ ।

### ग) नश्ल सुधारको लागि कृत्रिम गर्भाधान तथा गाई/भैंसी वितरण


कृत्रिम गर्भाधान सेवा



लागत साझेदारीमा भैसीं वितरण

पशुको नश्ल सुधारबाट पशुहरूको स्वास्थ्य, उत्पादन क्षमता, र आनुवंशिक गुणस्तरलाई सुधार्न गर्न तथा पशुहरूको दुध र मासु उत्पादन, रोग प्रतिरोधक क्षमता र प्रजनन् क्षमतामा वृद्धि गर्न सहयोग पुऱ्याउनका लागि नगरपालिकाले विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइएको छ ।आ. व ०८१/०८२ माघ मसान्त सम्म यस नगरपालिकाबाट २,७६९ गाईभैंसीमा कृत्रिम गर्भाधान सेवा पुऱ्याएको छ। नगरपालिका र कृषकहरूको लागत साझेदारीमा विभिन्न वडामा ३३ वटा गाई, २२ वटा भैंसी र वडा उन्नत जातको बाख्राहरू र नश्ल सुधारका लागि बोयर बोका वितरण गरिएको छ।

### घ) महामारीजन्य रोग विरुद्ध निःशुल्क खोप कार्यक्रम

नगरभित्रका कृषकहरूले पालेका पशुहरूमा रेबिज, खोरेत, पि.पि.आर, लम्पी स्किन रोग, भ्यागुते र चरचरे रोगहरूलाई नियन्त्रण गर्न नगरपालिकाले रोग प्रतिरोधात्मक खोप, रोग नियन्त्रणमा प्रयोग हुने अत्यावश्यक सामग्रीहरूको जोहो गर्दै निःशुल्क खोपका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । विगत ३/४ वर्षदेखि यस नगरपालिकाले ४,००० भन्दा बढी गाई/भैंसीहरूलाई खोरेत र लम्पि स्किन, १७,००० भन्दा बढी बाख्राहरुमा पि.पि.आर तथा २,००० भन्दा बढी कुकुरहरूलाई रेबिज विरुद्धको खोप प्रदान गरिएको छ ।

### ङ) जनचेतना मूलक गीतको प्रस्तुति

कृषकहरूलाई उन्नत पशुपालनका प्रविधि र पशुपालनको उचित व्यवस्थापन सम्बन्धि विषयहरूको प्राविधिक जनचेतनामूलक सन्देशलाई सरल र सजिलो भाषामा दोहोरी गीतकोमार्फत् प्रस्तुत गर्दा अधिकांश कृषकले चाडै बुझ्ने, सम्झिन सक्ने र आफूलाई मन लागेको बेला उक्त दोहोरी गीतले दिने सन्देश भिडियो हेरेर सिप र ज्ञान सिक्न सहज होस् भनी

कृषक तथा पशु प्राविधिक बीच जनचेतनामूलक सन्देशलाई कृषककै गोठमा छायाँङ्कन गरी सरल भाषामा दोहोरी गीत प्रसारण गरिएको छ ।

### च) थोरे तथा कोरेली हुर्काउने कार्यक्रम

गोदावरी नगरपालिकाले आ.व. २०८१/८२ मा थोरे तथा कोरेली हुर्काउने कृषकहरूलाई रु २०,००,००० बजेट विनियोजन गरी प्रति कोरेली/थोरे हुर्काएबापत अनुदान स्वरुप रु १५,००० का दरले अनुदान प्रदान गर्न थालनी भएको छ । यसका लागि कृषकले आफ्नै गोठमा जन्मिएका कम्तीमा पाँच वटा थोरे कोरेली हुर्काएको हुनुपर्ने छ ।





थोरे तथा कोरेली हुर्काउने कृषकलाई प्रोत्साहन गर्दै

यस कार्यक्रमबाट २३ घर परिवार लाभान्वित भएका छन् । जसमा थोरे ६५ र कोरेली ५२ गरी जम्मा ११७ पशु माउ हुने लक्ष्य राखिएको छ ।कार्यक्रमबाट रकम माउ पशु खरिदका लागि नगरपालिका भन्दा बाहिर जानबाट रोक लागेको छ ।यसले कृषकहरूलाई कृषकमा थोरे र कोरेली हुर्काउने हौसला बढ्नुका साथै आफ्नै गोठमै स्वस्थ पशु उत्पादन भइ आगामी दिनमा दुध उत्पादन वृद्धि हुनेछ अपेक्षा गरिएको छ ।

## ३.३ उद्योग तथा सहकारी

### क) सहकारीलाई व्यवस्थित गर्न प्रविधिको प्रभावकारी प्रयोग

गोदावरी नगरक्षेत्रका सहकारी संस्थाहरूलाई सम्पत्ति शुद्धीकरण निवारण (Anti-Money Laundering, AML) मा सहयोग गर्ने अन्तर्राष्ट्रिय स्तरको प्रणाली (goAML) मा अनिवार्य रूपमा दर्ता गर्ने कार्यको सुरुवात गर्नुका साथै सो कार्यका लागि आवश्यक तालिम र प्राविधिक सहयोग प्रदान गरी शुद्धीकरण प्रक्रियामा देखापर्न सक्ने समस्याहरू समाधान गर्न परामर्श सेवा प्रदान गरिएको छ । यस कार्यको प्रतिफलका रुपमा ४० भन्दा बढी




अभिमुखीकरण कार्यक्रम

सहकारी संस्थाहरूलाई अब प्रत्येक वित्तीय कारोबारको तथ्याङ्क सुरक्षित रूपमा भण्डारण गर्न र नियामक निकायमा प्रतिवेदन पेस गर्न सहज भएको छ ।

नगरपालिकाले सहकारी संस्थाको समग्र गतिविधिलाई विद्युतीय प्रणालीमा नियमन गर्न सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (Cooperative Performance Monitoring Information System, COPOMIS) प्रणालीमा तथ्याङ्क प्रविष्टि गर्न सहकारीहरूलाई आवश्यक प्रशिक्षण, प्राविधिक सहायता र नियमित अनुगमन सेवा उपलब्ध गराएको छ । जसको उपलब्धि स्वरुप हाल प्रत्येक सहकारी संस्थाको वित्तीय विवरण, निर्णयहरू तथा सहकारीको गतिविधि आदिमा पारदर्शिता हुनुका साथै नीति निर्माणका लागि तथ्याङ्कमा आधारित निर्णय गर्न र अनुगमन तथा मूल्याङ्कनको प्रक्रियामा सहजता गरेको छ ।

## परिच्छेद चार

# पूर्वाधार विकास

पुर्वाधार विकासमा सडक तथा पुल (झोलङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र पर्दछन्।

### ४.१ सडक

### क) भौतिक पुर्वाधारमा प्रथम : गोदावरी नगरपालिका


झरुवारासी डाँडागाउँ न्यौपानेगाउँ सडक

गोदावरी नगरपालिका आर्थिक वर्ष २०७९/८० को नतिजाअनुसार ललितपुर जिल्लाका स्थानीय तहहरूमध्ये स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Capacity Self-Assessment, LISA) मा भौतिक पूर्वाधार क्षेत्रतर्फ पहिलो स्थानमा रहेको छ। लामो समयदेखिको निरन्तरताको कारण पछिल्ला दुई वर्षमा भौतिक पूर्वाधार विकासको सूचकहरूमा अग्रणी रहँदै आएको यस नगरपालिका आ.व. २०८०/०८१ मा नेपाल नगरपालिका संघ (Municipal Association of Nepal) को ३१ औं स्थापना दिवसको अवसरमा भौतिक पूर्वाधार विकास विधामा सम्मानित भएको थियो । हालसम्म नगरपालिका भित्र निर्माण

भएको ४९.३ किमी 'क' वर्गको, ४३.९ किमी 'ख' वर्गको,३१.९ किमी 'ग' वर्गको सडक र १६५.१ किमि 'घ' वर्ग को सडकहरु मध्ये नगरपालिकाको आफ्नै पहलमा ४३.४१ किमी सडक कालोपत्रे गरिएको छ भने १८.८७ किमी सडक ढलान गरिएको छ। बाँकी सडकहरू चौंडा गर्ने, ग्राभेलिङ गर्ने, ब्लक छाप्ने लगायतका कार्यहरू गरी क्रमागत रुपमा कालोपत्रे र ढलान हुनेगरी स्तरउन्नि भईरहेका छन् । नगरपालिकाले सेराफाँट-चारघरे सडक, लप्से-कोटडाँडा सडक, ठेचो-बुङ्गमती सडक, ठैब-गोदामचौर-बिशङ्खुनारायण सडक, कुश्लेचौर-छम्पी-डुकुछाप सडक, लेले-भञ्ज्याङ-टाहाखेल सडक, झरुवारासी-नागदह सडकलगायतका सडकहरूको स्तरवृद्धि कार्यलाई विशेष प्राथमिकताका साथ अघि बढाइरहेको छ। हाल अधिकांश सडकहरू निर्माण तथा स्तरउन्नतिको अन्तिम चरणमा छन् । जसको गुणस्तर सुनिश्चित गर्न निर्माण कार्य र वस्तु दुबैको नगरपालिकाको आफ्नै सिभिल प्रयोगशालाबाट परीक्षण गर्ने व्यवस्था गरिएको छ।



झरुवारासी ठेचो सडक

निर्माणका आधुनिक प्रविधिहरूको प्रयोग गर्दै सडक निर्माणका विद्यमान अभ्यासहरू सुधार गर्ने योजनामा पनि नगरपालिका कार्यरत छ । जसले यहाँको भौतिक पूर्वाधारलाई अझ टिकाउ र दिगो बनाउदै लगेको छ। महालेखाको वार्षिक प्रतिवेदनअनुसार भौतिक निर्माणको क्षेत्रमा नगरपालिकाको बेरुजु उल्लेखनीय मात्रामा घट्दै गएको छ, जसले यो क्षेत्रमा भइरहेका सकारात्मक प्रयासहरुको बलियो मापन गर्दछ।



शेराफाँट चारघरे सडक स्तरुन्नती

## ४.२ भवन तथा पूर्वाधार

### क) भवन तथा पूर्वाधार निर्माण : नगर विकासको आधार

गोदावरी नगरपालिकाले नगर क्षेत्रका भवन तथा अन्य पूर्वाधारको क्षेत्रमा विविध भौतिक पूर्वाधारको योजनाहरू जसमा भवन, विद्यालय भवन, सामुदायिक भवन, खानेपानी तथा सरसफाइ योजना, खेलकुद पूर्वाधार, पुरातात्विक तथा सास्कृतिक मठ मन्दिर



टेक्निकल कलेज

तथा अन्य पूर्वाधार यस आ.व. ०८०/०८१ मा २२ वटा योजनाहरूको बहुवर्षीय ठेक्का आह्वान भएका छन्, जसमा गोदावरी टेक्निकल कलेज विशङ्खुनारायण, प्राथमिक स्वास्थ्य केन्द्र बाँडेगाउ, किटिनी माध्यमिक विद्यालय भवन

टौखेल, फुटसल निर्माण ठेचो, वडा कार्यालय भवन गोदावरी नगरपालिका-०४ बडिखेल, चण्डोल खानेपानी योजना बडिखेल, छम्पी खानेपानी योजना (Overhead Reservoir Tank) छम्पी, मूलडोल खानेपानी योजना गोदामचौर, खानेपानी योजना (Reservoir Tank, Water Filter) गोदामचौर र महिला सुरक्षित भवन झरुवारासी छन् । बहूवर्षिय ठेक्कालाई वर्गीकृत रुपमा हेर्दा खानेपानी सम्बन्धी आयोजना ४, विद्यालय भवन निर्माण ५, सांस्कृतिक पुरातात्विक भवन मन्दिर निर्माण ३, वडा कार्यालय भवन २, स्वास्थ्य भवन निर्माण संरक्षण २, सार्वजनिक शौचालय निर्माण १ र अन्य ५ आयोजनाहरू रहेका छन् ।



ओभर हेड रिजरभेसन ट्याङ्की

गोदामचौर खानेपानी आयोजना ४०० घन मिटर रिजरभोयर ट्याङ्की , प्रेसर फिल्टर, घेरा बार, पम्पिङ्ग सिस्टम निर्माण गरिएको यस आयोजनाबाट २२०० घरधुरी लाभान्वित भएका छन् भने २२५ घनमिटर ओभर हेड ट्याङ्की निर्माण सम्पन्न पश्चात ७१४ घरधुरी लाभन्वित भएका छन् ।

## ४.३ योजना

### क) लागत साझेदारीमा नगरको विकास

गोदावरी नगरपालिकामा उपभोक्ता समिति मार्फत सञ्चालन हुने विभिन्न पूर्वाधारका आयोजनाहरूमा उपभोक्ताहरूबाट कम्तिमा १० प्रतिशत लागत सहभागिता हुँदै आइरहेको छ । यसका साथसाथै स्थानीय उपभोकताहरूको मागको आधारमा ५०/५० प्रतिशतको लागत साझेदारीमा आयोजना स्वीकृत भई उपभोक्ता समितिहरूमार्फत सञ्चालन हुने गरेका



लागत साझेदारीमा बनेको पानी ट्याङ्की

छन् । यस अवधारणाअनुसार उपभोक्ताहरूबाट कुनै पनि आयोजनाको लागत अनुमानको ५० प्रतिशतले हुन आउने रकम नगरपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरी सकेपछि नगरपालिकाले ५० प्रतिशत रकम थप गरि आयोजना स्वीकृत भई उपभोक्ता समितिमार्फत् सञ्चालन हुने गरेका छन् । जसमा सडक कालोपत्रे, ढलान गर्ने तथा स्तरोन्नति कार्य, मठ मन्दिर निर्माण, सामुदायिक भवन, कुलायन मन्दिरलगायतका पूर्वाधार रहेका छन् । जसका लागि नगरपालिकाले प्रत्येक आर्थिक वर्षमा कम्तिमा २ करोड रुपैंया विनियोजन गरि कार्यान्वयन गर्दै आइरहेको छ ।

## ख) पर्यटन प्रवर्द्धन गर्न पदमार्ग निर्माण

यस गोदावरी नगरपालिकाअन्तर्गतको वडा नं. ३ गोदावरी क्षेत्र प्रसिद्ध धार्मिक एवम् पर्यटकीय स्थल हो, जहाँ प्रसिद्ध धार्मिक स्थलहरू, गोदावरी कुण्ड, नौधारा फुल्चोकी माई, नजिकैको विशङ्खुनारायणका साथै पर्यटकीय स्थल राष्ट्रिय बनस्पति उद्यान रहेका छन् ।धार्मिक स्थल र वनस्पति  उद्यानका साथसाथै प्रशस्त खुला क्षेत्र र वन क्षेत्र रहेकोले धार्मिक स्थलको दर्शन र मनोरञ्जनका लागि दैनिक हजारौंको संख्यामा काठमाडौं उपत्यकावासी लगायतका आन्तरिक पर्यटकहरूका साथै विभिन्न प्रजातिका चरा र पुतलीको अवलोकन गर्न आउने विदेशी पर्यटक समेत गोदावरी आउने गरेका छन् । तीमध्ये कतिपय पर्यटकहरू फुल्चोकी (जुन उपत्यकाकै सबैभन्दा अग्लो चुचुरो) पदयात्रामा जाने गरेका छन् । साथै, पछिल्लो समय मार्बलडाँडा (जहाँबाट गोदावरी क्षेत्रको रमणीय दृष्य र काठमाडौं सहरको दृश्यवलोकन सकिन्छ) भ्रमण गर्न जानेको सङ्ख्या दिनानुदिन बढ्दै गइरहेको छ ।



वातावरणमैत्री जैविक पदमार्ग

उक्त कुराहरूलाई मध्यनजर राख्दै मार्बल डाँडा जान र विभिन्न स्थानहरूको दृश्यावलीकन र मनोरञ्जन गर्दै  फुल्चोकी जान सहजताका लागि र नगर क्षेत्रभित्र रहेका अन्य रमणीय स्थान धार्मिक स्थलहरू जस्तैः तपेश्वरधाम, मनकामना लेले, भागावन क्षेत्र र पिआइए पार्क, देवीचौर देउराली, कटुवाल दह, त्रिवेणी चापाखर्क, भिमेश्वर कोटडाँडा र गोदामचौर मुक्तिनाथ जान सकिने गरी पदमार्ग निर्माण गर्नको लागि विस्तृत परियोजना प्रतिवेदन (Detailed

Project Report, DPR) समेत तयार भएको छ । आ.व. २०८१/०८१ मा ३ नं. वडाबाट विनियोजन भएको रु. ५ लाख र प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत् रोजगार केन्द्रबाट करिब रु. १८ लाखबाट नगरपालिकामा रहेका सुचीकृत बेरोजगारहरूको सहभागितामा लागत साझेदारी गरी गोदावरीको मोतीचौरबाट पदमार्ग निर्माण कार्यको सुरुवात गरिएको छ ।

आ.व.२०८१/०८२ मा पनि नगरपालिकाबाट रु. ३०,००,०००/- र प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फबाट रु. २२,२२,०००/- गरी जम्मा रु. ५२,२२,०००/- बजेट व्यवस्था गरी वातावरणमैत्री जैविक पदमार्ग निर्माण साथै विपद् जोखिम न्यूनीकरण हुने गरी अग्निरेखा समेतकै काम गर्ने गरी पदमार्ग निर्माण गर्न प्रक्रिया अगाडि बढाइएको छ ।जसबाट नगरवासीहरूमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा रोजगारी सिर्जना भई आयआर्जनमा वृद्धि हुने छ भने नगरपालिकाले पर्यटन शुल्क उठाई आन्तरिक आम्दानीमा वृद्धि गर्न सक्ने सम्भावना रहेको छ । यस पदमार्गलाई भविष्यमा कोन्ज्योसोम गाउँपालिकाको कोन्ज्योसोम प्रतिमा, काभ्रे जिल्लाको बेथानचोक नारायण र माहाङ्काल गाउँपालिकाको कालेश्वर जोड्ने पदमार्गमा साझेदारी गरी धार्मिक सर्किटको रुपमा विकास गर्न बागमती सरकारबाट बजेट विनियोजन गराई प्रदेशकै रमणीय एवम धार्मिक पदमार्गको रुपमा विकास गर्न सकिने प्रबल सम्भावना रहेको छ ।

### (ग) पूर्वाधार निर्माण गुणस्तरीय बनाउन नगरपालिकाको आफ्नै प्रयोगशाला स्थापना

नगरपालिका स्थापनाकालदेखि नगरपालिकाले विभिन्न पूर्वाधार विकासमा उल्लेख्य प्रगति हासिल गरिरहेको छ । नगरपालिकामा निर्माण हुने पूर्वाधारहरू गुणस्तरीय हुनुपर्छ भन्ने सोच अनुरुप पूर्वाधारमा गुणस्तर कायम गर्न निर्माणमा प्रयोग हुने निर्माण सामाग्रीको प्रयोगशाला परीक्षण बाहिरका फर्म तथा कम्पनीमा गरिदैं आएकोमा आर्थिक वर्ष ०८०/०८१ देखि नगरपालिकाले आफ्नै प्रयोगशाला स्थापना गरी सञ्चालनमा आएको छ । नगरपालिकामा निर्माण हुने पूर्वाधारमा प्रयोग हुने निर्माण सामाग्रीको सुरुवात चरणबाटै नमुना सङ्कलन गरी प्रयोगशालामा


प्रयोगशाला परीक्षणको लागि नमुना संकलन


प्रयोगशाला

परीक्षण गरी आयोजना सम्पन्नपश्चात् प्रयोगशाला परीक्षण गर्ने र निर्मित संरचना गुणस्तर सुनिश्चितताको प्रतिवेदनको आधारमा मात्र भुक्तानीको व्यवस्था गर्ने गरिएको छ । यसबाट नगरपालिकामा निर्माण हुने पूर्वाधार आयोजनाको गुणस्तर कायम गर्न सकिएको छ भने नगरपालिकालाई राजश्व प्राप्त हुनुका साथै उपभोक्तासमिति र निर्माण व्यवसायीलाई प्रयोगशाला परीक्षण गर्न सहजता कायम भएको छ ।

## ४.४ नक्सा

### (क) पौराणिकताको संरक्षण गर्दै नगरविकासमा आधुनिकीकरण



Septic Tank Design सम्बन्धी तालिम

नगरक्षेत्रभित्र पुरातात्त्विक भवन निर्माणलाई प्रोत्साहन गर्नको निम्ति विगतका आर्थिक वर्षमा पुरातत्व झल्कने गरी निर्माण गरिने भवनको नक्सा पास राजश्वमा १०० प्रतिशत छुटको व्यवस्था गरिनुका साथै २०७२ सालको भुकम्प पीडितको भवन नक्सा पास राजस्वमा ७५ प्रतिशत छुटको व्यवस्था गरिएको थियो। बढ्दो सहरीकरणलाई मध्यनजर गर्दै पार्किङ्गको उचित व्यवस्थापनका निम्ति भवन नक्सामा वेसमेन्ट पार्किङ्गको व्यवस्था भएमा वेसमेन्ट तल्लाको राजश्वमा शत प्रतिशत छुटको नीति अवलम्बन गरिएको छ। बढ्दो आगलागीलाई मध्यनजर गर्दै नक्सा पास गरी निर्माण सम्पन्न लिनु पर्दा अग्नि नियन्त्रण यन्त्रको व्यवस्था हुनुपर्ने नीति अवलम्बन गरिएको छ।



परामर्शदाता प्राविधिक बीच अन्तरक्रिया कार्यक्रम



BEEN र गोदावरी नगरपालिका बीच भएको सम्झौता

नक्सा पास प्रकृयालाई प्रविधि मैत्री बनाउनको निम्ति विद्युतीय घर नक्सा पास (Electronic Building Permit System, EBPS) लागू गरिएको छ। जग्गा विवाद न्यूनीकरणको निम्ति भोग चलन र नापी नक्सा बमोजिमको नक्सालाई ओभरल्याप गराई अमिनबाट प्रमाणित र आवश्यकता अनुसार वडाबाट सर्जमिन समेत गराई नक्सा पास प्रकियाको थालनी गरिएको छ । निर्माण हुने भवनको नक्साबमोजिम गुणस्तरीय निर्माणका निम्ति नक्सा बनाउने प्राविधिकको प्राविधिक प्रतिवेदन

अनिवार्य गरी नक्सा पास प्रकियामा परामर्शदाता प्राविधिकलाई समेत जिम्मेवार बनाइएको छ । साथै नगरपालिकाका इन्जिनियर र डिजाइनरहरूको क्षमता अभिवृदिको निम्ति Septic Tank Design सम्बन्धी तालिम प्रदान समेत गरिएको छ ।यसै गरी पुराना नक्सा पास सम्बन्धी फाइलहरूको उचित व्यवस्थापन र अनलाइन रेकर्ड कायम गर्नको निम्ति मिति २०८० मसिंरसम्मका नक्सा पास फाइलहरूको डिजिटाइजेसन गरिएको छ। नक्सा पास नभई निर्माण भएका भवनहरूको नक्सा अभिलेखीकरण तथा नियमित गर्नको निम्ति सार्वजनिक सूचना जारी गरी अभिलेखिकरण तथा नियमित नक्सा पास गरी नियमित गर्ने कार्य भएको छ।

नगरवासीमा ऊर्जा प्रभावकारी भवन निर्माण प्रोत्साहन गर्नको निम्ति मिति २०८१ पौष ८ मा Building Energy Efficiency Nepal, BEAN र नगरपालिका बीच सम्झौता (Memorandum of Understanding, MOU) समेत गरिएको छ ।

## परिच्छेद पाँच

## सुशासन तथा संस्थागत विकास

यस क्षेत्रमा मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तरनिकाय समन्वयजस्ता क्षेत्र पर्दछन् ।

### ५.१ प्रशासन

सार्वजनिक सेवा सहज एवम गुणस्तरीय बनाउन स्थापित संगठन, शासकीय स्वरुप र कार्यजिम्मेवारीअन्तर्गत सार्वजनिक प्रशासनले स्वच्छ, तथस्ट एवम् संगठनको केन्द्रबिन्दुमा रही राजनीतिक पदाधिकारी, नागरिक र कर्मचारीहरुको बिचमा रहेर सामञ्जस्यता, समन्वय र सेवा प्रवाह सहजीकरणमा प्रभावकारी एवम् कुशल व्यवस्थापकीय भूमिका खेल्दै आएको छ। प्रशासन



नेपाल नगरपालिका संघबाट पुरस्कृत

आफैंमा बृहत, बहुआयामिक, जटिल र चुनौतीपूर्ण विषय हो। यद्यपि प्रशासनको असल अभ्यास र नविनतम् प्रयासले गुणात्मक सुधार, उत्कृष्ट नतिजा र नागरिकमैत्री सेवा प्रवाहमा लोकत्रान्तिक लाभको अत्युत्तम वितरण गर्न सकिन्छ।

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था गरिएका स्थानीय तहको एकल अधिकार सूची अन्तर्गतजिम्मेवारी बहन गर्न यस नगरपालिका र अन्तर्गतका शाखा, वडा कार्यालय, स्वास्थ्य संस्थालगायत संरचना गठन गरी सहज सेवा प्रवाहको व्यवस्थापकीय क्षेत्रमा नगरपालिकाले उल्लेखनीय भूमिका निभाउँदै आएको छ।

नगरपालिकाबाट सम्पादन गरिएका असल अभ्यासहरू अन्तर्गत नगरपालिकाबाट सम्पादन भएका हरेक शाखालगायत मातहतका कार्यालयहरूको असल अभ्यास सङ्कलन र समन्वयमार्फत नेपाल नगरपालिका संघ, उत्कृष्ट नगरपालिका छनौट प्रश्नावली फाराम भरी आ.व २०८०/०८१ मा पुरस्कृत हुन सफल भएको छ ।

मासिक स्टाफ बैठक, साप्ताहिक रुपमा प्रत्येक आइतबार बिहान हुने शाखा प्रमुख बैठक, कार्यपालिका बैठक, कर्मचारी क्षमता विकास तालिम आदि कार्यहरूको व्यवस्थापन हुँदै आएको छ । नगरपालिकाबाट सम्पादन हुने विकास निर्माण र सेवा प्रवाह सम्बन्धी कार्यहरूको साप्ताहिक कार्ययोजना र जिम्मेवारी किटान गरिएको छ । क्यालेण्डर प्रकाशन गरी सो बमोजिम प्रगति अभिलेख तयार गरिएको छ । नगरपालिकाले सार्वजनिक सेवालाई व्यवस्थित गर्न हालसम्म १६ वटा ऐन, ३ वटा नियमावलीहरु, ४३ वटा कार्यविधिहरू लगायत दर्जनौं निर्देशिका र निर्णयहरू नगरकार्यपालिका र सभाबाट जारी गराउँदै कार्यान्वयनमा ल्याउन सहजीकरण गरेको छ । त्यसैगरी गुणस्तरीय सेवा प्रवाह प्रदान गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका लागि नगरपालिकाका १४ वटै वडाहरू र स्वास्थ्य संस्थामा गई तथ्याङ्क सङ्कलन, कर्मचारी सङ्ख्या र कार्यबोझ विश्लेषण गर्दै प्रतिवेदन तयार गरेको छ ।



८ औं स्थापना दिवस

गोदावरी नगरपालिकामा स्थायी ठेगाना भएका तथा यस नगरपालिकामा रहेका क्याम्पसहरुमा अध्ययनरत विद्यार्थीहरूलाई सरकारी सेवामा आकर्षण गर्नका लागि ३ महिने लोक सेवा तयारी कक्षा सञ्चालन गरिरहेको छ।




लोक सेवा तयारी कक्षा अभिमुखीकरण कार्यक्रम

**"आजको काम आजै"** भन्ने नाराका साथ दैनिक प्रशासनिक सेवा छिटो, छरितो र जवाफदेही ढङ्गले सम्पादन गर्न शाखा, उपशाखा, वडा कार्यालयहरु लगायत स्वास्थ्य संस्थाहरुमा Right man in right place को अवधारणाअनुरूप कर्मचारी व्यवस्थापन तथा कर्मचारी बिदामा रहेको अवस्थामा तुरुन्त वैकल्पिक कर्मचारी व्यवस्था गर्दै आएको छ। संघीयताको अवधारणाअनुरुप स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम नियमानुसार हुने नगर कार्यपालिका तथा नगर सभा सञ्चालनमा सहजीकरण तथा निर्णयहरूको अभिलेखीकरण गरी सुरक्षित राखिएको छ।



उत्कृष्ट कर्मचारी पुरस्कृत

संघीय तथा प्रादेशिक कार्यालय एवम् नियमनकारी निकायबाट समय समयमा माग गरिएका विवरणहरू समयमा पठाएको एवम् निर्देशनहरूको कार्यान्वयन गरिएको साथै कर्मचारी कार्यसम्पादन मूल्याङ्कन फाराम, सम्पत्ति विवरण फारामलगायतका विवरण समयमा सम्बन्धित निकायमा पेस गरेको छ। नगरपालिकाले अद्यावधिक गर्नुपर्ने तथा स्थानीय तहको मूल्याङ्कन लगायत विविध पक्षको मूल्याङ्कन फाराममा नगरपालिकालाई अग्रणी स्थानमा पुऱ्याउन सहजीकरण गरेको छ।



जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम

जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरेको । कर्मचारी आचारसंहिताका सम्बन्धमा

सुशासन कायम गर्दै कर्मचारीको मनोबल वद्धि गर्न तालिम, पुरस्कार र बढुवालगायत वृत्तिविकासका विषयमा आवश्यक व्यवस्थापन, समन्वय र सहजीकरण गरेको छ।



स्थापना दिवसको अवसरमा सरसफाइ कार्यक्रम

कार्यालयको अभिलेख सुरक्षित, भरपर्दो, आधुनिक एवम् गुणस्तरीय बनाउन Digitalize फाइलिङ व्यवस्थालाई प्राथमिकता दिइएको छ।यसै गरी नगरपालिकाको स्थापना दिवसलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि स्थापना दिवसका अवसरमा वृहत रक्तदान कार्यक्रम, सरसफाई कार्यक्रम तथा खेलकुद एवम् सांस्कृतिक कार्यक्रम सञ्चालन गरी मनाइएको छ ।यसरी राजनैतिक तटस्थता, कार्यजिम्मेवारीप्रति प्रतिवद्ध रही पारदर्शी एवम् सुशासनको मूल मर्मलाई आत्मसाथ गरी सङ्गठन र नागरिकप्रति जिम्मेवार तथा उत्तरदायी रही नगरपालिकाबाट सम्पादन गरिने सेवालाई छिटो, छरितो गुणस्तरीय एवम् सबै नागरिकको पहुँचयोग्य बनाउन समन्वय, सहजीकरण र व्यवस्थापकीय जिम्मेवारी वहन गर्दै आइरहेकोमा आगामी दिनहरूमा आधुनिक एवम् नवीनतम अभ्यास तथा प्रयासहरू गर्दै ७५३ स्थानीय तहमध्ये नागरिक हितलाई सर्वोपरी राख्दै नमुना नगरपालिका बनाउने र प्रशासकीय एवम् व्यवस्थापकीय क्षेत्रमा उच्चतम् स्थान हासिल गरी नगरबासीलाई गौरवान्वित बनाउनेतर्फ नगरपालिका निरन्तर लागिरहेको छ ।

## ५.२ सूचना प्रविधि शाखा

### (क) डिजिटल बडापत्र

यस नगरपालिकाबाट सम्पादन हुने कार्यहरु समावेश गरि सेवाग्राहीहरुको लागि सार्वजनिक सेवा प्रवाह छिटो छरिटो र चुस्त बनाउनका लागि आ. व २०८०।०८१ देखि डिजिटल बडापत्र तयार गरि हाल सञ्चालन गरिएको छ।

### (ख) डिजिटल लिडबोर्ड



वडा कार्यालय ५ मा जडित डिजिटल सचना बोर्ड

आ.व २०७७/०८८ देखि गोदावरी नगरपालिकाअन्तर्गत्का वडाहरुमा डिजिटल लिडबोर्ड जडान गरी नगरबासीहरूलाई

गोदावरी नगरपालिकामा भए गरेका सम्पूर्ण सन्देश तथा कार्यक्रमहरूको सूचनामूलक सन्देश डिजिटल लिडबोर्डद्वारा प्रवाह गरिएको छ।

### (ग) आधिकारिक इमेल

साइबर सुरक्षा र व्यवस्थापनका लागि आधिकारिक इमेल डोमेन प्रयोगले सङ्गठनलाई धेरै फाइदा हुने तथा यसले डेटा सुरक्षण, अनधिकृत पहुँच नियन्त्रण, फिसिङ तथा स्प्याम जोखिम न्यूनीकरण र पेसागत छवि मजबुत बनाउन मद्दत गर्ने हुँदा सुरक्षित सञ्चार सुनिश्चित गर्न सम्पूर्ण शाखा र वडा कार्यालयका लागि आधिकारिक इमेल स्थापना गरिसकेको छ। आधिकारिक इमेल विवरण

| क.स. | शाखा | आधिकारिक इमेल |
|---|---|---|
| १. | नगर प्रमुख | mayor@godawarimunlalitpur.gov.np |
| २. | नगर उपप्रमुख | deputymayor@godawarimunlalitpur.gov.np |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | cao@godawarimunlalitpur.gov.np |
| ४. | आर्थिक विकास | account@godawarimunlalitpur.gov.np |
| ५. | प्रशासन | administration@godawarimunlalitpur.gov.np |
| ६. | राजश्व | revenue@godawarimunlalitpur.gov.np |
| ७. | रोजगार सेवा | rojgar@godawarimunlalitpur.gov.np |
| ८. | शिक्षा तथा खेलकुद विकास | edu@godawarimunlalitpur.gov.np |
| ९. | योजना | planning@godawarimunlalitpur.gov.np |
| १०. | महिला तथा बालबालिका | woman_child@godawarimunlalitpur.gov.np |
| ११. | सडक उपशाखा | sadak@godawarimunlalitpur.gov.np |
| १२. | भवन तथा पूर्वाधार विकास | building@godawarimunlalitpur.gov.np |
| १३. | नक्सा | naksha@godawarimunlalitpur.gov.np |
| १४. | वन वातावरण तथा विपद् व्यवस्थापन | environment@godawarimunlalitpur.gov.np |

| | | |
|---|---|---|
| १५. | पञ्जीकरण | civilregistration@godawarimunlalitpur.gov.np |
| १६. | उद्योग तथा सहकारी विकास | industriesandcorporate@godawarimunlalitpur.gov.np |
| १७. | स्वास्थ्य | health@godawarimunlalitpur.gov.np |
| १८. | जिन्सी | store@godawarimunlalitpur.gov.np |
| १९. | कृषि विकास | krishibikash@godawarimunlalitpur.gov.np |
| २०. | पशु सेवा | livestock@godawarimunlalitpur.gov.np |
| २१. | सामाजिक विकास | samajikbikash@godawarimunlalitpur.gov.np |
| २२. | सूचना अधिकारी | informationofficer@godawarimunlalitpur.gov.np |
| २३. | वडा नं. १ | ward1@godawarimunlalitpur.gov.np |
| २४. | वडा नं. २ | ward2@godawarimunlalitpur.gov.np |
| २५. | वडा नं. ३ | ward3@godawarimunlalitpur.gov.np |
| २६. | वडा नं. ४ | ward4@godawarimunlalitpur.gov.np |
| २७. | वडा नं. ५ | ward5@godawarimunlalitpur.gov.np |
| २८. | वडा नं. ६ | ward6@godawarimunlalitpur.gov.np |
| २९. | वडा नं. ७ | ward7@godawarimunlalitpur.gov.np |
| ३०. | वडा नं. ८ | ward8@godawarimunlalitpur.gov.np |
| ३१. | वडा नं. ९ | ward9@godawarimunlalitpur.gov.np |
| ३२. | वडा नं. १० | ward10@godawarimunlalitpur.gov.np |
| ३३. | वडा नं. ११ | ward11@godawarimunlalitpur.gov.np |
| ३४. | वडा नं. १२ | ward12@godawarimunlalitpur.gov.np |
| ३५. | वडा नं. १३ | ward13@godawarimunlalitpur.gov.np |
| ३६. | वडा नं. १४ | ward14@godawarimunlalitpur.gov.np |

**info@godawarimunlalitpur.gov.np**

## (घ) राष्ट्रिय परिचपत्र




राष्ट्रिय परिचय पत्र उपलब्धता रुजू पोर्टल

नेपाल सरकारको मिति २०८१/०३/१० मा राष्ट्रिय परिचयपत्रलाई विभिन्न सेवासँग आवद्ध गर्ने सम्बन्धि राजपत्रमा प्रकाशित सूचनाअनुसार यस नगरपालिकामा उपलब्ध राष्ट्रिय परिचय पत्र रुजु प्रणाली प्रयोजनको लागि मात्र सूचना प्रविधि शाखा बाट पोर्टल निर्माण गरि सञ्चालन गरियो।

## ५.३ राजस्व




राजस्व भुक्तानी गर्नुहुदैं सेवा ग्राही

गोदावरी नगरपालिकाको समग्र विकास निर्माणलगायत प्रशासनिक कार्यका लागि स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्ने कार्यका लागि राजस्व शाखाको स्थापना भएको छ । नगरपालिकाले आफ्नो राजस्व वृद्धि गर्नका लागि १४ वटै वडाहरूमा नगर प्रहरीसहितको टोली वाट नगरवासीहरूलाई प्रोत्साहित वनाउँदै **नगरवासीको दायित्व, नगरको अभियानमा अपनत्व** भन्ने अभियानका साथ प्रत्येक व्यवसाय स्थलमा पुगी व्यवसाय दर्ता गर्ने र व्यवसायको प्रमाण पत्र सम्वन्धित स्थानमानै उपलब्ध गराउने,राजस्व असुलीमा प्रविधिको प्रयोगलाई प्राथमिकता दिइने प्रमुख नीति रहेको छ।

नेपालको संविधान तथा अन्य प्रचलित कानून बमोजिम नगरपालिकाले सम्पत्ती कर, भूमी कर, मालपोत कर, घरजग्गा वहाल कर, ब्यवसाय कर, सवारी साधन कर, विज्ञापन कर, मनोरञ्जन कर, बहाल विरौटी शुल्क, पार्किङ्ग शुल्क, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, पूर्वाधार/निकासी कर, वातावरण शुल्क, नयाँ घर निर्माण तथा नक्सापास दस्तुर, प्रयोगशाला परीक्षण सेवा शुल्क, फोहरमैला व्यवस्थापन शुल्क इत्यादि सङ्कलन तथा व्यवस्थापन गर्दै आएको छ ।

उक्त कार्यका लागि नगरपालिकाले संघ प्रदेश तथा स्थानीय कानूनबमोजिम नगरपालिकाको अधिकार र कार्यक्षेत्रभित्रमा सबै किसिमका कर, दस्तुर, सेवा शुल्क सङ्कलनको काम गर्ने गराउने, राजस्वको सम्भाव्यता अध्ययन गर्ने गराउने, कर दाताको लगत अद्यावधिक गर्ने र करदाता शिक्षा र करदातालाई प्रोत्साहनका कार्यहरू गर्ने जस्ता नीति अवलम्वन गरेको छ भने वडा कार्यालयहरूवाट गरिने सामुदायिक सरकारी विद्यालय सिफारिस, नाता प्रमाणित(मृतकसँग), जनजाति तथा छात्रवृत्ति सिफारिस, निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस, नगरपालिकामा महिला वा जेष्ठ नागरिकहरूवाट दिइने उजुरी निवेदन निःशुल्क रहनुका साथै वडा कार्यालयहरूले नगरपालिकामा नक्सा प्रयोजनका लागि पठाउने चार किल्ला सिफारिस समेत निःशुल्क गरिएको छ । त्यसैगरी व्यवसाय दर्तामा प्राङ्गारिक मल बनाउने उद्योग, स्यानिटरी प्याड वनाउने उद्योगहरुलाई निशुल्क तथा न्यून आय भएका एकल महिला अपाङ्गता भएका व्यक्तिहरूको स्वामित्वमा सञ्चालित उद्योगहरूलाई वडा कार्यालयको सिफारिसको आधारमा २५ प्रतिशत छुट दिइ व्यवसाय दर्ता गर्ने गरिएको छ ।साथै बाल कल्याण केन्द्र, जेष्ठ नागरिक केन्द्र र योग ध्यान केन्द्रलाई समेत निशुल्क रुपमा दर्ता गर्ने गरिएको छ ।व्यवसायीहरूको हितलाई ध्यानमा राखी प्रत्येक आर्थिक वर्षको श्रावण महिनादेखि आश्विन मसान्तसम्ममा व्यवसाय नवीकरण गर्ने व्यवसायीहरूलाई व्यवसाय नवीकरणमा लाग्ने शुल्कमा १० प्रतिशत छुट दिने व्यवस्था यस नगरपालिकाले गरेको छ ।

यस नगरपालिकाको विगत तीन वर्षको आन्तरिक आय तुलना गर्दा आर्थिक वर्ष २०७८/०७९ मा २० करोडको राजस्व उठाउने लक्ष्य रहेकोमा २४ करोड ६४ लाख राजस्व सङ्कलन भई लक्ष्यको १२३ प्रतिशत प्रगति भएको थियो भने आर्थिक वर्ष २०७९/०८० मा २२ करोड राजस्व उठाउने लक्ष्य रहेकोमा ९६ प्रतिशत प्रगति भएको थियो । त्यसैगरी आर्थिक वर्ष २०८०/०८१ मा २५ करोड राजस्व उठाउने लक्ष्य रहेकोमा ४४ करोड ८५ लाख राजस्व सङ्कलन भई लक्ष्य भन्दा १७९ प्रतिशत बाढी प्रगति भएको थियो । चालू आर्थिक वर्ष २०८१/०८२ मा ४३ करोड ७१ लाख राजस्व उठाउने लक्ष्य रहेको छ भने हाल सम्म (मिति २०८१।११।१५ गते सम्म) १७ करोड २१ लाख सङ्कलन भई लक्ष्यको



होडिङ्ग बोर्ड हटाउदै

३९ प्रतिशत प्रगति भएको छ । गोदावरी नगरपालिकाले यस आर्थिक वर्षमा राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी कार्यान्वयनमा ल्याउने कार्यको थालनी गरेको छ ।यसवाट लक्ष्यअनुसार प्रगति हासिल भई नगरको विकास निर्माण र सेवा प्रवाहमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## परिच्छेद — छ

## वन, वातावरण तथा विपद् ब्यबस्थापन

यस क्षेत्रमा वन तथा भूसंरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, बारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र पर्दछन् ।

### ६.१ वातावरण तथा विपद्

### (क) खानेपानी सरसफाइ तथा स्वच्छता, फोहरमैला व्यवस्थापन

गोदावरी नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रमा महत्वपूर्ण अभ्यास गर्दै आएको छ । प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी र सरसफाइमा पहुँचको हक हुनेछ भनी नेपालको संविधान २०७२ को धारा ३५ को ४ मा उल्लेख गरिएको छ । त्यस्तै, नेपालले दिगो विकास लक्ष्य २०१५ मा गरेको प्रतिबद्धताअनुसार लक्ष्य ६मा केन्द्रित भएर यस नगरपालिकाले सम्पूर्ण घरधुरीमा स्वच्छ, सुरक्षित र पहुँचयुक्त खानेपानीको सेवा तथा सरसफाइ सेवामा आफ्नो दायर बढाएको छ ।

### (ख) अन्तराष्ट्रिय संघ/संस्थासँग सहकार्य तथा लगानी




तस्बिरः VAKIN र वाटरएड नेपालविच MOU हस्ताक्षर

अन्तर्राष्ट्रियस्तरमा यूरोपियन युनियनको आर्थिक लागानीमा स्वीडेनस्थित खानेपानी सरसफाइ सेवा वितरण गर्ने VAKIN संस्था र वाटरएड नेपालको प्राविधिक सहयोग र सहकार्यमा नगरपालिकामा खानेपानी सरसफाइ तथा फोहर व्यवस्थापन सम्बन्धी विभिन्न गतिविधि गर्दै आएको छ ।विगत ३ वर्ष देखि चलिरहेको यस गोदावरी प्राबल्यवास परियोजनाबाट नगरपालिकाको समग्र खानेपानी सरसफाइ तथा फोहर

व्यवस्थापन क्षेत्रमा नगरपालिकाको सबलीकरण तथा क्षमता विकासको काम हुँदै आएको छ ।

### (ग) गोदावरी नगरपालिकाको खानेपानी तथा सरसफाइ ऐन, २०८० निर्माण

नेपाल सरकारबाट जारी खानेपानी तथा सरसफाइ ऐन, २०७९ अनुसार यस नगरपालिकाले आफ्नो छुट्टै कानून बनाएर संविधानको हक अधिकार तथा दिगो विकास लक्ष्यअन्तर्गत्को काम गर्न क्रियाशील भइ कार्य अगाडि बढेको र यसका लागि सम्पूर्ण १ देखि १४ वडा



गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रवाराही, ललितपुर
बागमती प्रदेश, नेपाल

स्थानीय राजपत्र

भाग - १ अङ्क-४१ २०८०/०३/१०

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४
बमोजिम नगरसभाको बैठक
२०८०/०३/१० बाट स्वीकृत

गोदावरी नगरपालिकाको खानेपानी,
सरसफाइ तथा स्वच्छता सम्बन्धी ऐन, २०८०

सार्वजनिक जानकारी तथा कार्यान्वयनका लागि
देहाय बमोजिम प्रकाशित गरिएको छ ।





तस्विरः खासस्व ऐन, २०८०, ऐन निर्माण अघि सरोकारवालासंग बसेको बैठक र नगरउपप्रमुखको संयोजकत्वमा ऐनको मस्यौदा उपर छलफल

सरोकारवालाहरूसँग खानेपानी तथा सरसफाइको विद्यमान अवस्था,समस्या तथा चुनौतीमा छलफल गरी सो कुरालाई मध्यनजर गरि धेरै लामो अभ्यास तथा छलफलबाट फलस्वरूप नगरपालिकाले मिति २०८०/०३/१० मा गोदावरी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८० जारि गरी दिगो रुपमा खानेपानीको व्यवस्थापन तथा सरसफाइ सेवाको सम्पूर्ण कार्य गर्न कोसेढुङ्गा साबित गरेको छ ।यस ऐन जारी भएसँगै खनेपानी तथा सरसफाइ सेवामा पहुँच र सेवा प्रदायकको दर्ता तथा नवीकरणको बारेमा स्पष्ट रूपमा उल्लेख गरिएको छ जसका कारण विगतमा नगरपालिकाको दायरामा नरही खानेपानीको

सेवा दिरहेका ठुला तथा साना खानेपानी तथा सरसफाइ उपभोक्तासमितिहरू हाल नगरपालिकाको दायरभित्र आएका छन् र यस ऐनबाट सेवा प्रदायकहरूको पूर्ण नियमन गर्ने बाटोसमेत खुलेको छ ।

### (घ) गोदावरी नगरपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता योजना निर्माण

गोदावरी नगरपालिकाको र यूरोपियन युनियनको आर्थिक सहयोग तथा गोदावरी प्राबल्यवास परियोजनाको मुख्य साझेदार संस्था भाकिन तथा वाटरएड नेपालको प्राविधिक सहयोगमा नगरपालिकाले खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी १० वर्षे योजना तयार गरेको छ जसका कारण नगरपालिकाले भोलिका दिनमा खानेपानी, सरसफाइ तथा स्वच्छतामा लगानी गर्दा यसै योजनामा केन्द्रित भएर खानेपानी सरसफाइ सेवाको विस्तार, पहुँच, दिगो व्यवस्थापनको उचित लगानी गर्न सक्छ साथसाथै यस योजनाअनुसार दात्री निकायसँग लगानी वा बजेट व्यवस्थापनको नयाँ ढोका खुल्न सक्छ । यस योजनामा नगरपालिकामा हालसम्म खानेपानी तथा सरसफाइको सेवा लिरहेका घरधुरी, सेवा प्रदायकको सम्पूर्ण विवरण, सेवा दिइरहेको खानेपानीको संरचनाको अवस्था र त्यसको प्राविधिकलगायत आर्थिक लगानीको सम्पूर्ण विवरण नेपाल सरकार खानेपानी मन्त्रालयबाट जारी भएको MIS सिस्टम NWASH मार्फत् हेर्न सकिने रहेको छ ।




तस्बिरः खानेपानी सरसफाइ तथा स्वच्छता योजनाको NWASH सिस्टममा रहेको डाटा

### (ङ) लेले खानेपानी आयोजनाको दिगो व्यवस्थापन

हाल निर्माणाधीन अवस्थामा रहेको बहुवर्षीय लेले खानेपानी आयोजनाको दिगो व्यवस्थापन तथा सञ्चालनको लागि एकीकृत लेले खानेपानी तथा सरसफाइ उपभोक्तासमितिमा खानेपानी सुरक्षा योजना (WSP) तालिम सञ्चालन तथा सोहीअनुरुप सुरक्षा योजना निर्माण भएको छ । खानेपानी गुणस्तर कायम गर्न तथा चेकजाँच गर्न वडा नं ५को वडा

कार्यालयमा खानेपानी गुणस्तर जाँच प्रयोगशाला स्थापनाको काम अन्तिम चरणमा पुगेको




एकिकृत लेले खानेपानी सरसफाइ उपभोक्तासमितिलाइ खानेपानी सुरक्षा योजनाको तालिम

छ । २४ घण्टा सुरक्षित खानेपानी सबै समुदायमा वितरण, संरचनाको दिगो व्यवस्थापनको लागि सम्पति व्यवस्थापन योजना, व्यवसायिक योजना निर्माणको काम समेत अगाडि बढेको छ । साथसाथै एकीकृत लेले खानेपानी तथा सरसफाई उपभोक्तासमितिलाइ बेलाबेलामा अध्ययन अवलोकन भ्रमणमा संलग्न गराई समितिलाई थप उर्जा प्रदान गर्न साथै नयाँ पद्धतीको विकास गर्न नगरपालिकाले ठुलो भूमिका निर्वाह गरेको छ । जसको फलस्वरूप आज यस समितिमा २४ सै घण्टा नेपाल सरकारले तोकेको मापदण्डअनुसारको खानेपानी वितरण गर्न आत्मविश्वास बढेको छ र कार्य व्यवस्थापनमा उल्लेखनीय परिवर्तन भएको छ ।

## (च) अन्तराष्ट्रियस्तरमा नगरपालिकाको प्रतिनिधित्व

गोदावरी नगरपालिकाले समग्र खानेपानी सरसफाइ तथा स्वच्छतामा गरेको असल अभ्यास तथा प्रगतिको विषयमा अन्तराष्ट्रियस्तरमा प्रतिनिधित्व गरि नगरपालिकालाई चिनाएको छ । जर्मनीमा आयोजना भएको 5th Global WOP Congress मा करिब ४०० जना विभिन्न देशका खानेपानी तथा सरसफाइमा काम गर्दै आएका कम्पनी, नगरपालिका बिचमा नगर प्रमुखज्यूबाट नगरपालिकाको प्रतिनिधित्व गर्दै नगरपालिकाले खासस्वमा गरेको उपलब्धि, प्रयास तथा आफूले गरेको प्रतिबद्धताको विषयमा प्रस्तुति दिनुभएको थियो । नगरपालिकाका

नगर प्रमुख तथा प्राविधिक कर्मचारीको १० दिने स्वीडेनको स्टकहोम तथा उमियामा सिकाइ आदानप्रदान भ्रमणमा नगरपालिकाले विभिन्न निकाय SIDA, SWEDISH Water





तस्बिरः (बाँया) नगर प्रमुख उप्रमुख, वातावरण शाखा प्रमुख, वाटरएड नेपालका प्रतिनिधि 5th Global Wop Congressमा सहभागी, (दाँया) SIDAमा अन्तरक्रिया, अनलाइन virtual बैठक, वेबिनार

and Wastewater Association, WaterAid Sweden जस्ता अन्तराष्ट्रिय सँस्थासँग भेटवार्ता गरिएको र उक्त भेट भावी दिनको लागि एकदम महत्त्वपूर्ण रहेको देखिन्छ । उमियास्थित VAKIN संस्थाले खानेपानी सरसफाइ तथा फोहर व्यवस्थापनमा गरेको असल अभ्यास, संरचना, प्रविधिको विकास र प्रयोग देख्दा नगरपालिका नगरप्रमुख तथा प्राविधिक कर्मचारी धेरै प्रभावित भएका थिए जसका कारण यस खासस्व क्षेत्रमा थप ऊर्जाका साथ काम गर्न हौसला प्रदान गरेको छ । बेलाबेलामा virtually हुने गरेको बैठक, webinar बाट समेत गोदावरी नगरपालिकालाई प्रतिनिधित्व गर्दै यस क्षेत्रमा भएका कामको विषयमा चर्चा गर्ने गरिएको छ ।

### (छ) गोदावरी विपद् सिकाइ तथा आकस्मिक सञ्चालन केन्द्र स्थापना

गोदावरी नगरपालिकाको प्रशासनिक कार्यालय परिसरमा नगरपालिकाको विपद् सिकाइ तथा आकस्मिक सञ्चालन केन्द्र स्थापना भएको छ । नेपाल सरकारले जारी गरेको




तस्बिरः विपद् सिकाइ तथा आकस्मिक सञ्चालन केन्द्र

मापदण्डअनुरुपको गोदावरी नगरपालिका आपतकालीन सञ्चालन केन्द्र सञ्चालनका लागि नगरपालिका प्राथमिकतामा राखी काम गर्न सुरुवात गरेको छ ।

## ६.२ वातावरण

### (क) उपभोक्तासमितिका प्रतिनिधिलाई तालिम

गोदावरी नगरपालिकाको ३५ वटा खानेपानी सरसफाइ राजस्व समितिका प्रतिनिधिलाई खानेपानी सुरक्षा योजनाको तालिम प्रदान गरिएको । उक्त तालिमबाट उपभोक्ता समितिले जोखिमको मापन गर्न सक्ने, खानेपानीको परीक्षण कसरी गर्ने तथा सुरक्षित तवरले खानेपानी वितरणमा समितिको भूमिका कति महत्त्वपूर्ण हुन्छ भन्ने विषयमा जानेका र सोहीअनुसार योजना निर्माणको गर्न सक्ने भएका छन् । त्यस्तै फोहर व्यवस्थापनमा काम गर्ने कर्मचारीका लागि पेसागत स्वास्थ्य तथा सुरक्षाको तालिम समेत पहिलो पटक राखिएको जुन प्राय हरेक क्षेत्रमा खासै महत्वपूर्ण रुपमा लिदैन । नगरपालिकाको वडा नं ११ स्थित पागा वन वरपर रहेको फोहर व्यवस्थापनको लागि त्यस स्थान वरपरका समुदायको उपस्थितिमा पागावनको फोहर व्यवस्थापन तथा सुधारका लागि कार्ययोजना बनाइ कार्यको थालनी समेत भएको छ ।






तस्विरः सरसफाइकर्मीलाई पेसागत स्वास्थ्य सुरक्षाको तालिम (बायाँ), पागावनको फोहर व्यवस्थापन सुधारको कार्ययोजनामा छलफल

यसैगरी वातावरण संरक्षण तथा फोहर व्यवस्थापन तथा सरसफाइमा समेत धेरै कार्यहरु हुने गरेका छन् जसमध्ये समुदायस्तरमा फोहर व्यवस्थापनको लागि मल बनाउने तालिम, अभिमुखीकरण तालिम गरिएका छन् त्यसै बृहत सरसफाइ कार्यक्रम समेत हुँदै भएका र

यस कार्यलाई निरन्तरता दिएको छ । नगरपालिकाको नेतृत्वमा हुने गरेको यस्ता गतिविधिले आम सर्वसाधारणमा फोहोरको उचित् व्यवस्थापन, सरसफाइ गर्नका लागि झक्झकाएको छ ।

**(ख) हरियाली प्रवर्द्धन**

नगरलाई सफा सुन्दर तथा हरियाली प्रवर्द्धन गर्ने हेतुले प्रत्येक वर्ष वृक्षरोपणको लागि बजेट विनियोजन भइ काम हुँदै आएको छ र रोपन गरिएका बिरुवाहरूको स्याहार सुसारको कार्य समेत प्राथमिकतामा राखिएको छ। जसको उदाहरण हो टिकाभैरब-लेले सडक खण्डमा रोपिएको सिरिस र करबिरको बिरुवा। अहिले उक्त सडक खण्डको करिब ३ कि.मि. सडकको दायाँ बायाँ किनारमा फुल फुल्न थालेको र सौन्दर्यको वातावरण सिजना गरेको छ।

# परिच्छेद - सात

# विविध



सबिता अर्याल
अधिकृत

## ७.१ कर्मचारी रचना

### अब मुस्कानसहितको सेवा

**"Your Smile is a reason to the smile of other"**

**"ज्ञान मर्दछ हाँसेर, रोई विज्ञान मर्दछ"** अनुहारमा मुस्कान, बोलीमा नम्रता अनी सुनाइमा धैर्यता, कुनै सरकारी कार्यालयमा यस्ता कर्मचारी देख्दा दङ्ग पर्छन् सेवाग्राही। हजुर **"सरकारी काम कहिले जाला घाम"**, सरकारी कार्यालय जानै मन लाग्दैन, कामै बन्दैन, कुरै सुन्दैनन्। त्यो सर, त्यो म्याडम, त्यो फलानो कर्मचारी, त्यो भष्टाचारी, यस्तै यस्तै विरक्त लाग्दा शब्द, सोच र आरोपको उत्तर हो,

**मुस्कानसहितको सेवा।**

**"Happiness is not the absence of problems, it's the ability to deal with them"**

सन् १९९९ अक्टोबरको पहिलो शुक्रवारदेखि विश्व मुस्कान दिवसका अवसरमा विभिन्न कार्यक्रम, समारोह गरी हर्सोल्लासका साथ मनाइँदै आइएको छ। नेपालमा वि.स २०७२ जेठ ७ देखि नेपाल प्रहरीले सुरुवात गरेको **मुस्कानसहितको सेवा** हामी सबै नेपालीको साझा नारा हुन योग्य छ।

नागरिकको हित, सन्तुष्टिका खातिर सरकारबाट नागरिकका माग र आवश्यकतालाई सहज एवम् गुणस्तरीय सेवा प्रदान गर्न नेपालको संविधानको प्रस्तावना देखि मौलिक हक र कर्तव्यलगायतका व्यवस्था, निजामती सेवा ऐन,२०४९ र नियमावली, २०५०, मुलुकी फौजदारी तथा देवानी संहिता तथा कार्यविधि ऐन, २०७४, सुशासन (व्यवस्थापन तथा कार्यसञ्चालन) ऐन,२०६४, भष्टाचार निवारण ऐन,२०५९, स्थानीय सरकार सञ्चालन ऐन,२०६४ लगायतका कानूनी व्यवस्था तथा संवैधानिक निकाय, क्षतिपूर्तिसहितको नागरिक वडापत्र, उच्चस्तरीय प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन लगायत सार्वजनिक सेवा प्रवाहसम्बन्धी अवसर, अभ्यास र प्रयासहरू समेतबाट निरन्तर सार्वजनिक सेवा प्रवाहलाई नागरिक सन्तुष्टि उन्मुखतातर्फ प्रयासरत रहेको पाइन्छ।

यद्यपी नीतिगत र कानुनी व्यवस्था जस्तो बनाइए पनि कार्यान्वयन फितलो हुँदा खिन्न देखिन्छन् नागरिक। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक बहुदलीय शासन व्यवस्थामा जनताको इच्छा, आकाङ्क्षा र आवश्यकतालाई सहज बनाउन संघीयता, सुशासन, समावेशीकरण, सामाजिक न्याय, समान सहभागीता जस्ता मिठासपूर्ण शब्दको चयन गरियो विडम्वना नेपालजस्तो अल्पविकसित मुलुक जहाँ २० प्रतिशत गरिबी , १८ प्रतिशत बेरोजगारीलगायत विकासात्मक मूल्याङ्कनमा न्यून स्थानमा छन्, राजनीतिक अस्थिरता छ, त्यहाँ महत्त्वाकाङ्क्षी शव्द चयन त भयो तर नागरिक लक्षित सेवा प्रवाह हुन सक्ने अवस्था भएन।

हो, माथिको तयाङ्क हेर्दा हाम्रो पुस्ताका हजुर बा, हजुर आमा, काका, मामा, दादा, दिदी, साथीभाईबीच अझै राज्यको सेवा सुविधामा समान तथा सहज पहुँच पुगेको, कानूनको विज्ञता भएको, समान सहभागिता तथा न्यायोचित सेवा प्रदान हुन सकेको छैन। पहुँचवाला, पढेलेखे जस्तो देखिने, सुटबुटमा सजिएका, उद्यमी, व्यापारी गन्यमान्य नागरिकलाई हुन्छ हुन्छ, भैहाल्छ, म गरिहाल्छु र हाम्रा परम्परागत शैलीका बोल्न डराउने, नबुझेका, नजानेका, नपढेका अर्थात कमजोर वर्गका नागरिकलाई थर्काउने, हप्काउने, हुन्न, भोलि आउनुस, कागज मिलेन, हाकिम छैन, तपाईंको काम हुन्न भन्नेजस्ता कठोर शब्द एवम् भेदभावजन्य सेवा अझै देखिन्छ। कृपया नभनौं। सबै हाम्रा हुन्। नजानेका, नबुझेकालाई बुझाऔं, अझ राम्रो मुस्कानसहित, सबै हाम्रा हुन्। राम्रा मात्र हाम्रा होइनन्। सबैमा सहज, गुणस्तरीय एवम् समान र न्यायोचित नागरिकमुखी सेवा पहुँचमा पुऱ्याउने जिम्मा तपाईं अनि मेरो अर्थात् हाम्रो हो। **त्यसैले अब मुस्कानसहितको सेवा हुनुपर्छ**।

अरूको गुनासो नगरौं, आँफैबाट सुरु गरौं, मुस्कानसहितको सेवा, कानून कार्यविधि, कार्यशैली र कार्यसम्पादन त गर्नुनैछ, पहिलो प्रयास **मुस्कानसहितको सेवा** नै बनाऊँ।

**"अनुहारमा मुस्कान, बोलीमा नम्रता अनि सुनाइमा धैर्यता हाम्रो पहिलो प्राथमिकता"** हजुर, तपाईं र मेरो सहज व्यवहार, स्पष्ट मार्गनिर्देशनले नै झण्डै ७० प्रतिशत काम सफल हुन्छ। हामी पनि सफल बन्छौं। गोदावरी नगरपालिकाको आ.व. २०८१/०८२ को बजेट पुस्तकमा रहेको नारा **"आजको काम आजै"** यसलाई सफल बनाउन पनि मुस्कानसहितको सेवा सुरु गरौं। मानव भएर मानवता जोगाइ राख्नुपर्छ। हो, मानव प्राणी जगतको विशिष्ट श्रेणीको प्राणी हामी, मानव सेवा नै धर्म हो। नागरिक हित लक्षित कार्यलाई

सहज बनाउने मुस्कानसहितको सेवा, परमधर्म हो। मेरो मुस्कान र तपाईंको Reply मुस्कान खुसी जीवनको औषधी बनोस्, घाउ होइन, समाधान बनोस्, समस्या होइन। महात्मा गान्धी भन्नुहुन्थ्यो **"मुस्कान मेरो थकाई मेटाउने उत्कृष्ट दबाई हो"** साच्चै प्रयास गरेर हेर्नुस, मुस्कान सहितको सेवाले सबै समस्या समाधान गर्छ।

**"पाञ्चा आगाम नृतये हँसाय"** अर्थात् जिन्दगी हाँस्दै खेल्दै जिउनको लागि हो। पलपलमा नवनिर्माण भइरहने जिन्दगीलाई प्रसन्नताको उमङ्गले बिजुली जस्तै बालौं। आफू पनि हाँसौं र अरूलाई पनि हसाँऔं। यो निशुल्क मुस्कान मेरो र राज्यको लक्ष्य (सुखी नेपाली, समृद्ध नेपाल) प्राप्तिको बलिदान बनोस, के नै लिनुछ र यहाँ, खाली हात जानुछ, जबसम्म छौं तिमी, तिमी हुनुको आभास दिनुछ।

**"The best way to multiply happiness is to share it with others"**

मेरो सेवाभाव र मेरो मुस्कानले मलाई खुसी दिन्छ, नागरिकलाई खुसी दिन्छ**, त्यसैले पनि मुस्कानसहितको सेवा।** सबै राष्ट्रसेवक कर्मचारी लगायत सेवाप्रदायकलाई अनुरोध, आफ्नो आफ्नो कुर्सिबाट मुस्कानसहितको सेवा सुभारम्भ गरौं। आफ्नो कर्तव्य पूरा गरौं। मानवता बचाई राखौं, सहज बनौं, सहज बनाऔं। त्यसैले **अब "मुस्कानसहितको सेवा"**

**धन्यवाद। । ।**

